कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# आँखुखोला जलविद्युत कम्पनी लिमिटेड

**Ankhukhola Jalbidhyut Company Limited (AKJCL)**

रजिष्टर्ड कार्यालयः का.म.न.पा., वडा नं. २९ अनामनगर, काठमाण्डौं फोनः ०१–४१०२५९५

इमेल : ankhukhola@yahoo.com, वेबसाइटः www.aankhukholahydro.com.np

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

**को**

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु. ८०,००,००,०००/– (अक्षरेपी असी करोड रुपैयाँ मात्र) बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ८०,००,००० (अक्षरेपी असी लाख) कित्ता साधारण शेयरको एक शेयर बराबर एक दशमलव पाँच (१ : १.५) शेयर (अर्थात् विद्यमान १ (एक) कित्ता साधारण शेयर बराबर नयाँ १.५ ( एक दशमलव पाँच) कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. १,२०,००,००,०००/– (अक्षरेपी एक अर्ब बीस करोड रुपैयाँ मात्र) बराबरको प्रति शेयर रु. १००/- अंकित दरका १,२०,००,००० (अक्षरेपी एक करोड बीस लाख) कित्ता हकप्रद साधारण शेयर निष्कासन गर्नको लागि प्रकाशित ।

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औषत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ चैत्र मसान्त* | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ६७.०८ | ७०.१६ | ६९.१२ | ६९ | ८७.१० | ९०.५९ | ९१.८८ |
| प्रति शेयर आम्दानी (रु.) | ०.०९ | ३.०९ | (१.०५) | ०.४३ | (०.५५) | ३.५० | १.२९ |
| नाफा/(नोक्सानी) (रु. हजारमा) | ७५२ | २४,७१७ | (८,३८८) | २,५७२ | (१०,९३३) | ६९,९०७ | २५,७५४ |

* लेखापरिक्षकबाट प्रमाणित चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरण ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण:

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र यस विवरणपत्रको पृष्ठ नं.३२ मा (ड्यु डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरण पत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) पृष्ठ नं.२२ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## रेटिङ्ग सम्बन्धी विवरण:

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट मिति २०२३/०९/०५ मा इस्यूर रेटिङ्ग पुष्टि गराई [ICRANP-IR] B-" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] B-" ले कम्पनीको High risk of default regarding timely servicing of financial obligation रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले "[ICRANP- IR] AAA" देखि "[ICRANP- IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "[ICRANP- IR]AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP- IR]D" ले कमजोर आधार जनाउँछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (श) पृष्ठ नं.३१ मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : भदौ १९, २०८० (सेप्टेम्बर ०५, २०२३) बहाल रहने अवधि : भदौ १९, २०८१ (सेप्टेम्बर ०४, २०२४)

## विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण:

इजाजत पत्र वहाल रहने अवधि मिति २१०१/०८/२५ सम्म रहेकोले २० वर्ष ०६ महिना बाँकी रहेको छ ।

## साधारण शेयरको बिक्री खुल्ला अवधि:

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८१/०३/१९ गते ।
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०८१/०४/२७ गते ।
हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०८१/०५/१६ गते । (बैंकिङ समय पश्चात्) ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

**(क) संगठित संस्थाको नाम :** आँखुखोला जलविद्युत कम्पनी लिमिटेड (Ankhukhola Jalbidhyut Company Limited)

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. २९, अनामनगर, काठमाण्डौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**(ग) कारोबार स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा., वडा नं. २९, अनामनगर, काठमाण्डौं र आयोजना स्थल धादिङ्ग जिल्लाको त्रिपुरा सुन्दरी गाउँपालिकामा अवस्थित छ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**यस कम्पनीको संक्षिप्त इतिहासः**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ।

अ) आँखुखोला जलविद्युत कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६४ साल फाल्गुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६७ भाद्र १३ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।

आ) कम्पनीको हाल आँखुखोला -१ जलविद्यूत आयोजना (८.४ मे.वा) संचालनमा रहेको छ । कम्पनीले भविष्यमा अन्य आयोजनाहरु पनि निर्माण गर्ने उद्देश्य लिएको छ । कम्पनीले आँखुखोला–१ जलविद्युत आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालय (तत्कालीन जलस्रोत मन्त्रालय) बाट मिति वि.सं. २०६६/०८/२६ गते प्राप्त गरेको हो र उक्त अनुमतिपत्र वि.सं. २१०१/०८/२५ गतेसम्म वहाल रहनेछ । कम्पनीले आँखुखोलाको पानीबाट ८.४ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप मिति २०७० भाद्र ०८ गते देखि व्यापारिक विद्युत उत्पादन प्रारम्भ गरेको छ । कम्पनीको कुल लागत २४२.७३ करोड रहेको र प्रतिमेगावाट लागत २८.८९ करोड रहेको छ ।

इ) कम्पनीबाट उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल जेष्ठ २२ गते विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भइसकेको छ ।

| **कम्पनी स्थापना मिति** | **२०६४/११/१९ (२०६७/०५/१३ मा लिमिटेडमा परिवर्तन)** |
|---|---|
| कम्पनी दर्ता नं. | १२५४-६७/६८ |
| विद्युत खरीद बिक्री सम्झौता (वि.सं.) | २०६६/२/२२ |
| विद्युत उत्पादन अनुमति पत्र प्राप्त (वि.सं.) | २०६६/८/२६ |
| व्यापारिक उत्पादन सुरु भएको मिति (COD) (वि.सं.) | २०७०/५/०८ |
| विद्युत नियमन आयोगको हकप्रद निष्काशनको स्वीकृत मिति (वि.सं.) | २०८०/०५/०८ |

ई) यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७५/०६/२३ गते देखि २०७५/०६/२६ गते सम्म भएको र बाँडफाँट मिति २०७५/०७/११ गते भएको हो । कम्पनीको मिति २०७८/११/११ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सूचिकरण मिति २०७५/०८/२३ गते रहेको छ । कम्पनीले IPO निष्काशन गरेको रकम निम्न तालिका अनुसार उपभोग गरेको छ ।

| **क्र.सं.** | **विवरण** | **उपभोग गरेको रकम** |
|---|---|---|
| १. | बैंक तथा वित्तीय संस्थालाई आंशिक भुक्तानी | सावाँ तथा व्याज : १६,९७,००,०००/- (रु. सोह्र करोड सन्तानब्बे लाख) |
| २. | व्यावसायिक दायित्व भुक्तानी (IPO निष्काशन खर्च समेत) | ३,०३,००,०००/- (रु. तीन करोड तीन लाख) |
| **कुल जम्मा निष्काशन भएको IPO रकम** | | **२०,००,००,०००/- (रु बीस करोड)** |

उ) मिति २०७०/०५/०८ बाट कम्पनीले व्यापारीक उत्पादन शुरु गरे तापनि कम्पनीको उच्च लागतको कारणले गर्दा ह्रास खर्च बढी भएको, Hydrology मा भएको परिवर्तनका कारणले Contract Energy बमोजिम उत्पादन गर्न नसकिएको र व्याज खर्च बढी भएको हुनाले कम्पनी नोक्सानीमा रहेको थियो । कम्पनी नोक्सानीमा देखिएता पनि कम्पनीको संचालन नगद प्रवाह सकरात्मक रहेको छ ।
साथै, यस कम्पनी विगतका वर्षहरुमा नोक्सानमा रहेको हुदाँ कम्पनीको Retained Earning ऋणात्मक रहेको कारणले गर्दा प्रक्षेपित शेयर नेटवर्थ रु.१०० मुनि रहेको हो । आउँदो वर्षहरुमा नयाँ आयोजनाबाट प्राप्त लाभांश साथै, व्याज खर्चमा आउने कमिको कारणले गर्दा शिघ्रनै शेयर नेटवर्थ रु.१०० भन्दा माथि पुग्नेनैछ ।

ऊ) यस आयोजनाको हकप्रद शेयर जारी पश्चात प्रक्षेपित IRR,NPV, Payback Period, Discounted Payback Period को संक्षिप्त तालिका तल प्रस्तुत गरिएको छ**:**

| **क्र.सं.** | **वित्तीय सचूक शिर्षक** | **सूचक** |
|---|---|---|
| १. | Net Present Value (NPV) @10% Discount Rate | १३५,१५१ |
| २. | Internal Rate of Return (IRR) | ११% |
| ३. | आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि वर्षमा (Payback Period) | ७.९४ |
| ४. | आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि वर्षमा (Discounted Payback Period) | १५.४५ |

ऋ) विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरीद -बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

(१) आँखुखोला–१ जलविद्युत आयोजनाबाट वार्षिक ४,६१,९३,७१० किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षातका आठ महिनाहरु (बैशाख देखि माघ) सम्मका लागि ३,९५,५०,५९४ किलोवाट घण्टा र हिउँदका महिनाहरु (पौष देखि चैत्र) सम्मका लागि ६६,४३,११७ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

(२) विद्युतको खरीद मूल्य वर्षातका महिनाहरूका लागि प्रति किलोवाट घण्टा रु. ४/८० र हिउँदका महिनाहरु (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु. ८/४० तोकिएको छ । यो खरीद दरको लागि आर्थिक वर्ष २०७०/०७१ लाई आधार वर्ष मानिएको छ । विद्युत खरीद-बिक्री गर्ने निर्धारित आधार वर्षको दरमा प्रतिवर्ष ३ प्रतिशतका दरले ५ पटकको लागि मूल्य वृद्धि दिइने र PCOD को सात वर्ष पश्चात COD भएको वर्षलाई आधार वर्ष मानी साविकको विद्युत खरीद-बिक्री सम्झौताको प्रावधान अनुसार मूल्य बृद्धि समेत गर्दा जुन अवधिमा जुन खरीददर हुन आउछ सो खरीददर विद्युत खरीद-बिक्री सम्झौताको बाँकी अवधिभर लागु हुनेछ ।

(३) आर्थिक वर्ष २०७०/०७१ मा व्यवसायिक उत्पादन सुरु भएपछि सम्झौता बमोजिम प्रति युनिट वर्षातका महिनाहरूका लागि रु. ५.२३ र हिउँदका महिनाहरूका लागि रु. ९.१६ को दरले भुक्तानी प्राप्त भईरहेको छ ।

(४) आँखुखोला–१ बाट उत्पादन भएको विद्युत धादिङ्गबेसी सब–स्टेशनमा मुख्य मिटर र चेक मिटर जडान गरी विद्युत बिक्रीको युनिट गणना गर्ने व्यवस्था रहेको छ ।

(५) प्रत्येक आर्थिक वर्षमा बढीमा १४४ घण्टा सम्मको विद्युत आपूर्ति नेपाल विद्युत प्राधिकरणले लिन नसकेमा सो वापत भुक्तानी माग नगरिने व्यवस्था छ । सो भन्दा बढी भएमा Take or Pay को दफा लागु हुने व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार नेपाल विद्युत प्राधिकरणले आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति खरीद गरी नलिएमा पनि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।

**आँखुखोला जलविद्युत आयोजनाको सम्झौता तथा वास्तविक उत्पादन परिमाण २०७६ फाल्गुन देखि २०८१ बैशाख सम्म**

| क्र.स. | महिना | विद्युत बिक्री सम्झौता परिमाण | विद्युत उत्पादन तथा बिक्री परिमाण | प्रतिशत % |
|---|---|---|---|---|
| १ | फाल्गुन - २०७६ | १,३५८,७१७ | १,३५८,७१७ | १००% |
| २ | चैत्र - २०७६ | १,६००,३८२ | १,६००,३८२ | १००% |
| ३ | बैशाख - २०७७ | २,५११,४२० | २,३६९,७९५ | ९४% |
| ४ | जेष्ठ - २०७७ | ४,६०३,६१८ | ३,६६८,८०८ | ८०% |
| ५ | आषाढ - २०७७ | ५,८७७,७४९ | ५,२६८,३८७ | ९०% |
| ६ | श्रावण - २०७७ | ६,०६७,३५४ | ४,९६९,७४५ | ८२% |
| ७ | भाद्र - २०७७ | ५,८७७,७४९ | ५,६७०,७०२ | ९६% |
| ८ | आश्विन - २०७७ | ५,६८८,१४४ | ५,६७८,६९० | १००% |
| ९ | कार्तिक - २०७७ | ५,३४७,२३६ | ३,८७२,१८४ | ७२% |
| १० | मंशिर - २०७७ | ३,६५३,३६२ | २,२४६,२४४ | ६१% |
| ११ | पौष - २०७७ | २,२७६,५३१ | १,५३८,४८९ | ६८% |
| १२ | माघ - २०७७ | १,३७४,८१२ | १,२१४,३०५ | ८८% |
| १३ | फाल्गुन - २०७७ | १,३१३,४२६ | ९०१,४७७ | ६९% |
| १४ | चैत्र - २०७७ | १,६५३,७२८ | ९८३,२०७ | ५९% |
| १५ | बैशाख - २०७८ | २,५११,४२० | १,०३१,२८३ | ४१% |
| १६ | जेष्ठ - २०७८ | ४,४५९,७५५ | २,९२०,०५१ | ६५% |
| १७ | आषाढ - २०७८ | ५,८७७,७४९ | ५,४९१,००३ | ९३% |
| १८ | श्रावण - २०७८ | ६,०६७,३५४ | ५,५०४,७७८ | ९१% |
| १९ | भाद्र - २०७८ | ५,८७७,७४९ | ५,४६९,५०७ | ९३% |
| २० | आश्विन - २०७८ | ५,६८८,१४४ | ५,५७३,१८९ | ९८% |
| २१ | कार्तिक - २०७८ | ५,३४७,२३६ | ४,७७३,४४२ | ८९% |
| २२ | मंशिर - २०७८ | ३,६५३,३६२ | २,७६७,६४५ | ७६% |

| | | | | |
|---|---|---|---|---|
| २३ | पौष - २०७८ | २,२७६,५३१ | १,९६९,६७८ | ८७% |
| २४ | माघ - २०७८ | १,३२८,९८५ | १,३२८,९८५ | १००% |
| २५ | फाल्गुन - २०७८ | १,३५८,७१७ | १,३५८,७१७ | १००% |
| २६ | चैत्र - २०७८ | १,६००,३८२ | १,६००,३८२ | १००% |
| २७ | बैशाख - २०७९ | २,५११,४२० | १,६२२,७३२ | ६५% |
| २८ | जेष्ठ - २०७९ | ४,४५९,७५५ | २,९८३,८४४ | ६७% |
| २९ | आषाढ - २०७९ | ६,०६७,३५४ | ५,३०९,८४७ | ८८% |
| ३० | श्रावण - २०७७ | ५,८७७,७४९ | ३,४४९,४९६ | ५९% |
| ३१ | भाद्र - २०७७ | ५,८७७,७४९ | ५,४१८,६४१ | ९२% |
| ३२ | आश्विन - २०७९ | ५,८७७,७४९ | ५,०३४,०३३ | ८६% |
| ३३ | कार्तिक - २०७९ | ५,३४७,२३६ | ४,४३१,४९३ | ८३% |
| ३४ | मंशिर - २०७९ | ३,५३१,५८३ | २,४९७,९६२ | ७१% |
| ३५ | पौष - २०७९ | २,३५५,०३२ | १,८५६,२६७ | ७९% |
| ३६ | माघ - २०७९ | १,३२८,९८५ | १,३०४,२०२ | ९८% |
| ३७ | फाल्गुन - २०७९ | १,३५८,७१७ | १,१००,४१७ | ८१% |
| ३८ | चैत्र - २०७९ | १,६००,३८२ | १,२१६,८६५ | ७६% |
| ३९ | बैशाख - २०८० | २,५११,४२० | १,३७५,३८३ | ५५% |
| ४० | जेष्ठ - २०८० | ४,४५९,७५५ | २,५६२,५१७ | ५७% |
| ४१ | आषाढ - २०८० | ६,०६७,३५४ | ३,४८२,४६४ | ५७% |
| ४२ | श्रावण - २०८० | ६,०६७,३५४ | ३,८८६,२४५ | ६४% |
| ४३ | भाद्र - २०८० | ५,८७७,७४९ | ३,६८७,०७७ | ६३% |
| ४४ | आश्विन - २०८० | ५,६८८,१४४ | ३,९४८,८७७ | ६९% |
| ४५ | कार्तिक - २०८० | ५,३४७,२३६ | ३,९८९,१०८ | ७५% |
| ४६ | मंशिर - २०८० | ३,६५३,३६२ | २,४५१,१९१ | ६७% |
| ४७ | पौष - २०८० | २,२७६,५३१ | १,८३९,३५९ | ८१% |
| ४८ | माघ - २०८० | १,३२८,९८५ | १,३२८,९८५ | १००% |
| ४९ | फाल्गुन - २०८० | १,३५८,७१७ | १,१२९,६२४ | ८३% |
| ५० | चैत्र - २०८० | १,६००,३८२ | १,२३९,७९९ | ७७% |
| ५१ | बैशाख - २०८१ | २,५११,४२० | १,०२७,५७० | ४१% |
| ५२ | जेष्ठ - २०८१ | ४,६०३,६१८ | १,३७८,१७२ | ३०% |

**ए) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित आँखुखोला २ जलविद्युत आयोजना सम्बन्धी विवरण**

आँखुखोला-२ जलविद्युत आयोजना बागमती प्रदेश अर्न्तगत धादिङ्ग जिल्ला स्थित गङ्गा जमुना, खनियाँबास र नेत्रवती गाउँपालिका गरी ३ वटा गाउपालिकाको बीचमा पर्दछ । यो आयोजना हाल हामीसंग रहको आँखुखोला -१ जलविद्युत आयोजनाको सबै भन्दा नजिकमा रहको आयोजना भएको हुँदा हाम्रो लागि अन्य आयोजना भन्दा व्यवस्थापनको हिसाबले उपयुक्त रहेको आयोजना हो साथै, उक्त आयोजनाको जलाधार क्षेत्र र हाम्रो आँखुखोला- १ जलविद्युत आयोजनाको जलाधार क्षेत्र एउटै रहेको कारण पनि उक्त आयोजनाको जिवोलोजी तथा हाइड्रोलोजीसंग हामी धेरै हदसम्म परिचित पनि छौं सो कारण उक्त आयोजना निर्माण हाम्रो लागि केही सहज हुनेछ भन्ने हामीले विश्वास लिएका छौ । उक्त आयोजना नदीको प्रहावमा आधारित (रन अफ रिभर) प्रकारको आयोजना हो । उक्त आयोजना र यस आँखुखोला जलविद्युत कम्पनी बिच कम्तिमा ६० प्रतिशत लगानी गर्ने सम्झौता मिति २०७९/१२/२४ गते भईसकेको छ । उक्त आयोजनाको विद्युत उत्पादन अनुमति पत्र मिति २०७९/१२/१२ गते प्राप्त भईसकेको छ ।

यस आयोजनाको डिजाइन बहाव २७.७३ घनमिटर प्रतिसेकेन्ड र कुल ग्रस हेड ९१ मिटर हुनेछ । आयोजनाबाट वार्षिक सरदर ११५.५२ गिगावाट घण्टा विद्युत उत्पादित भई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने गरी PPA सम्झौता भई सकेको छ ।
आयोजनाको मुख्य संरचनाहरू आँखुखोलाको दायाँ किनारामा रहने गरी डिजाइन तयार पारिएको छ । आँखुखोलामा बाँध बाधी खोलाको दायाँपट्टि निर्माण हुने सुरुङ्ग र इन्टेक पाइपबाट पानीलाई आयोजनाको मुख्य संरचनाहरू हुँदै विद्युत गृहमा लगिनेछ । आयोजनाबाट उत्पादित विद्युत १३२ केभी प्रसारण लाइन मार्फत २५ किलोमिटर लामो दुरीमा रहेको नेपाल विद्युत प्राधिकरणको प्रस्तावित त्रिशुली ३B हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिनेछ ।
आयोजनाबाट २०८५ साउन देखि विद्युत उत्पादन गर्ने लक्ष्य लिइएको छ । यस आयोजनाको कुल लागत ३ अर्ब ९१ करोड ४१ लाख अनुमानित गरिएको छ, । जुन प्रति मेगावट १९ करोड ५७ लाख हनेछ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रु. २७४ करोड बैक तथा वित्तीय संस्थाको कर्जा लगानी रहने र रु. ११७.४१ करोड स्वपूँजी लगानी हुनेछ । कुल स्वपूँजी लगानी मध्येबाट आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले कम्तिमा ६० प्रतिशत रु. ८० करोड र बाँकी लगानी अन्य संस्थापक तथा सर्वसाधारणलाई जारी हुने शेयरबाट प्राप्त रकमबाट लगानी गर्ने छन् । आयोजनालाई आवश्यक जग्गा खरीदको प्रकिया शुरु भएको छ ।
आँखुखोला २ जलविद्युत आयोजनाबाट वार्षिक ११५.५१७ गेगावाट घण्टा विद्युत शक्ति उत्पादन हुनेछ । सो विद्युत बिक्रीबाट कम्पनीलाई पहिलो वर्षमा रु. ६२.१९ करोड आम्दानी हुनेछ । आयोजनाको विद्युत बिक्रीदर वर्षायामका लागि रु. ४.८० र सुख्यायामका लागि रु. ८.४० तय भएको छ । यो मूल्य दर ८.४ महिनाको हुने गरी बैशाख १ देखि मंशिर ३० सम्मलाई वर्षायाम र पौष १ देखि चैत्र ३० सम्मलाई सुख्यायाम कायम भएको छ । यो आयोजनाले ३ प्रतिशतका दरले ८ वर्ष सम्मका लागि मूल्य बृद्धिदर प्राप्त गर्नेछ । बैंकबाट लिएको परियोजना ऋण कर्जा १२ वर्ष भित्र चुक्ता भुक्तानी गर्नेछ । आयोजनाको साधारण ऋण फिर्ता अवधि (Simple Payback Period) ६.४१ वर्षको रहेको छ । आयोजनाको Internal Rate of Return (IRR) १५.३९ प्रतिशत रहेको छ । यस आयोजनाले व्यवसायिक उत्पादन शुरु गरेको पहिलो वर्ष देखि नै शेयरधनीहरुलाई लाभांश वितरण गर्न सक्छ । यस आयोजनाको संस्थापक शेयरधनी भई काम गर्न उपयोगी र लाभदायक हुने ठानिएको छ ।

**(Salient Features of the Project)**

**Ankhu Khola-2 Hydropower Project (20 MW)**

**1 Project Location**

| | | |
|---|---|---|
| Provience | : | Bagmati |
| District | : | Dhading |
| Intake Site (Location) | : | Gangajamuna Rural Municipality |
| Powerhouse Site (Location) | : | Gangajamuna Rural Municipality |
| *Geographical Co-ordinates* | | |
| Latitude | : | 28° 03' 59" N and 28° 00' 50" N |
| Longitude | : | 84° 59' 30" E and 84° 56' 00" E |
| **2 General** | | |
| Name of River | : | Ankhu khola |
| Nearest Town | : | Dhading Besi |
| Type of Scheme | : | Run off River |
| Gross Head | : | 91.00 m |
| Net rated Head | : | 82.42 m |
| Installed Capacity | : | 20.0 MW |
| Average Annual Energy after Outage | : | 115.516 GWh |
| **3 Hydrology** | | |
| Catchment Area | : | 529 sq. km |
| Mean Annual Discharge | : | 50.18 m3/sec |
| Design Discharge (at 40.3%PoE) | : | 27.73 m3/sec |
| Riparian Release | : | 0.813 m3/sec |
| Design Flood Discharge | : | 1380 m3/sec |
| Average Annual Precipitation | : | 1900 mm/year |
| **4 Diversion Weir** | | |
| Type of Weir | : | Gated weir |
| Length of Weir | : | 56.70.0 m |
| Normal water level | : | EL 667.0 m |
| Undersluice Opening (W X H) | : | 6m x 8m |
| Undersluice Crest Level | : | EL 613m |
| **5 Intake Structure cum Gravel Trap** | | |
| Type of Intake | : | Side Intake |

| | | |
|---|---|---|
| Nos of Opening | : | 4 nos. |
| Size of Intake (W x H) | : | 2.0m x 5.0m |
| Intake Sill Level | : | EL 664.7m |
| Length of Gravel Trap | : | 25.0 m |
| Width of Gravel Trap (Avg.) | : | 11.0 m |
| Overall depth | : | 5.0 m |
| Particle size to be trapped | : | 5 mm |
| Flushing Channel | : | 1.0m x 1.0m |

**6 Desanding Basin**

| | | |
|---|---|---|
| Type | : | Dufour, Three Bay |
| Dimension (L x B x H) | : | 75m x 10 m x 7m |
| Inlet Transition Length | : | 13 |
| Particle Size to be settled | : | 0.2 mm |
| Trapping Efficiency | : | 90% |

**7 Headrace Pipe/Tunnel**

| | | |
|---|---|---|
| Type | : | HRT 1- D Shaped, MS Pipe, HRT 2- D Shaped |
| Internal Diameter | : | 4.60 m, 3.5 m, 4.60 m |
| Length | : | 1577 m, 1570 m, 1355 mm |
| Steel Thickness/Type of Lining | : | Shotcrete, 14 mm thick, Shotcrete |
| Nos. of Anchor Blocks | : | 14 nos. |

**8 Surge Tank/Forebay**

| | | |
|---|---|---|
| Type | : | Cylindrical Restricted orifice type |
| Effective Depth | : | 38.4 m |
| Diameter (Or size) | : | 9.0 m |
| Up Surge Level | : | 678.90m |
| Down Surge Level | : | 645.50m |
| Normal Operation Level | : | 663.8m |

**9 Steel Penstock Pipe**

| | | |
|---|---|---|
| Type | : | Mild Steel Pipe |
| Internal Diameter | : | 3.10 m |
| Length | : | 140.0 m |
| Steel Thickness | : | 12 mm to 14 mm |
| Nos. of Anchor Blocks | : | 5 nos. |
| Nos. of Saddle Supports | : | no saddle support (buried section) |

**10 Powerhouse**

| | | |
|---|---|---|
| Type | : | Surface |
| Size (L x W) | : | 43.2 m x 12.25 m |
| Height | : | 21.50 m |
| Turbine Axis Level | : | EL 574.50 m |

**11 Tailrace**

| | | |
|---|---|---|
| Type | : | RCC Box and lined canal |
| Tailrace Length | : | 460.00 m |
| Size (W x D) | : | 3.5 m x 3.0 m |
| Tailrace Water Level | : | El 576.00 m |

**12 Turbine**

| | | |
|---|---|---|
| Type | : | 3 Nos. Horizontal axes Francis |
| Number | : | 2 Nos. |
| Rated Output Capacity per unit | : | 6.872 MW |

| | | |
|---|---|---|
| Turbine Axis Level | : | EL 574.50 m |
| Net Head | : | 82.52 m |
| Discharge per Unit | : | 9.24 m3/s |
| Efficiency | : | 92% |
| **13 Governor** | | |
| Type | : | Solid state, PID governor |
| Adjustment for Speed Drop | : | ≤ 55% |
| **14 Generator** | | |
| Type | : | Synchronous brushless, 3Ø AC |
| Rated Output Capacity per Unit | : | 7.84 MVA |
| Power Factor | : | 0.85 |
| Generation Voltage | : | 11kV |
| Frequency | : | 50 Hz |
| No of Units | : | 3 nos. |
| Excitation System | : | Brushless type with rotating AC exciter |
| Efficiency | : | 97% |
| **15 Transformer** | | |
| Type | : | 1 No. 3 ph, Step up Transformer |
| Rated Capacity | : | 24 MVA |
| Voltage Ratio | : | 132 kV/11kV |
| No of Units | : | 1 nos. 3 Phase |
| Vector Group | : | ONAN |
| Frequency | : | 50 Hz |
| Efficiency | : | 99% |
| **16 Transmission Line** | | |
| Voltage Level | : | 132 kV, Single Circuit |
| Length | : | 25 km |
| Conductor Type | : | ACSR Wolf |
| From | : | Power House Switchyard |
| To | : | NEA's Proposed Trisuli 3B Hub Substation |
| **17 Project Cost Estimate** | | |
| Total Cost of the Project | : | NRs 391.41 Cr |
| **18 Construction Period** | **:** | **5 years** |

**यस आयोजनाको हाल सम्म भएको कार्य प्रगति विवरण तल उल्लेखित तालिका अनुसार रहेका छ ।**

| क.सं. | विवरण |
|---|---|
| १. | मिति २०७९/१२/१२ मा विद्युत विकास विभागबाट आयोजना निर्माणको लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । |
| २. | मिति २०७९/०४/१९ मा नेपाल सरकार उर्जा मन्त्रालयबाट IEE रिर्पोट स्विकृत गरिएको । |
| ३. | मिति २०८०/०५/२२ मा गणेश हिमाल हाइड्रोपावरले नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भएको । |
| ४. | मिति २०७९/११/२३ मा Updated Feasibility Study Report सम्पन्न गरिएको । |
| ५. | आयोजना निर्माणको लागि आवश्यक पर्ने निजी जग्गा खरीद कार्य भइरहेको र हालसम्म आवश्यक २१३ रोपनी जग्गा मध्ये ६९ रोपनी खरीद भएको छ । |
| ६. | मिति २०७६/०२/२७ मा नेपाल विद्युत प्राधिकरणसँग ग्रिड कनेक्सन सम्झौता सम्पन्न भएको । |
| ७. | मिति २०७९/०९/१८ मा सानिमा बैंकबाट LOI पत्र प्राप्त भएको । |
| ८. | मिति २०८०/०८/१९ मा गणेश हिमाल हाइड्रोपावर प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भएको । |
| ९. | मिति २०८०/०५/२४ मा ठेक्का सम्बन्धी बोलपत्र जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको । |
| १०. | मिति २०८०/०५/२४ मा ठेक्का सम्बन्धी बोलपत्र जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको अनुसार मिति २०८०/०५/२९ मा सिभिल, मिति २०८०/०५/२७ मा हाइड्रोमेकानिकल, मिति २०८०/०५/२६ मा ईलेक्ट्रोमेकानिकल तथा मिति २०८०/०५/३१ मा प्रसारण लाईन सम्बन्धी कार्यका लागि सम्बन्धित कम्पनीबाट LOI पत्र तथा कागजातहरु |

| | |
|---|---|
| | प्राप्त भएको । |
| ११. | मिति २०८०/०९/०१ मा गणेश हिमाल हाइड्रोपावरले आन्तरिक नियन्त्रण नीति तयार पारेको । |

**ऐ) धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १३ बमोजिम तोकिएका अवस्थाहरु निम्न अनुसार पूरा गरिएको**

क) हकप्रद शेयर निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कुल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना र रणनीतिहरु तथा निष्काशन गर्ने हकप्रद शेयर अनुपातको औचित्य पुष्टि गर्ने आधारहरु खुलाई आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले मिति २०८०/०३/२२ को वार्षिक साधारण सभाबाट पारित गरिएको ।

ख) यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको प्राथमिक शेयर निष्काशन मिति २०७५/०६/२३ गते देखि २०७५/०६/२६ गते सम्म भएको र बाँडफाँट मिति २०७५/०७/११ गते भएको हो । यस कम्पनीले प्रारम्भिक सार्वजनिक निष्काशन गरेको कम्तिमा दुई वर्ष पूरा भएको ।

ग) यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले मिति २०८०/०५/१९ मा ईक्रा नेपालबाट क्रेडिट रेटिङ्ग गरेको ।

घ) यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको चुक्ता पूँजी रु. ८०,००,००,०००/– (अक्षरेपी असी करोड रुपैयाँ मात्र) रहेको छ र सो शतप्रतिशत चुक्ता भएको ।

ङ) यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले आर्थिक तथा खरीद विनियमावली तयार गरी सो अनुरुप कार्य गरी आएको साथै, हरेक आ.व. सकिए पश्चात संस्थागत सुशासन सम्बन्धमा नेपाल धितोपत्र बोर्डमा प्रतिवेदन पेश गर्ने गरिएको । यस कम्पनीले आन्तरिक नियन्त्रण नीति तयार पारेको ।

च) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा प्रवर्द्धित आँखुखोला २ जलविद्युत सम्बन्धी निम्न तालिका बमोजिम अनुमति तथा स्वीकृतिहरु लिइएको

- मिति २०७६/०२/२७ मा नेपाल विद्युत प्राधिकरणसँग ग्रिड कनेक्सन सम्झौता सम्पन्न भएको ।
- मिति २०७९/०४/१९ मा नेपाल सरकार उर्जा मन्त्रालयबाट IEE रिर्पोट स्विकृत गरिएको ।
- मिति २०७९/१२/१२ मा विद्युत विकास विभागबाट आयोजना निर्माणको लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ ।
- मिति २०८०/०५/२२ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भएको ।

छ) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा आयोजना निर्माणको लागि आवश्यक पर्ने निजी जग्गा खरीद कार्य भइरहेको र हालसम्म आवश्यक २१३ रोपनी जग्गा मध्ये ६९ रोपनी खरीद भएको छ ।

ज) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा आयोजना निर्माणको आवश्यक पर्ने यान्त्रिक उपकरण जस्ता सामानका लागि मिति २०८०/०५/२७ मा हाईड्रोमेकानिकल, मिति २०८०/०५/२६ मा ईलेक्ट्रोमेकानिकल तथा मिति २०८०/०५/३१ मा प्रसारण लाईन सम्बन्धी कार्यका लागि सम्बन्धित कम्पनीबाट LOI पत्र प्राप्त भएको ।

झ) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा मिति २०७९/०९/१८ मा वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजरको लागि सानिमा बैंकबाट LOI पत्र प्राप्त भएको ।

ञ) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा मिति २०८०/०५/२४ मा जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणका लागि ठेक्का सम्बन्धी बोलपत्र जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको । मिति २०८०/०५/२२ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भएको ।

ट) गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा आ.व. २०७९/२०८० को नियम अनुसार लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको ।

ठ) गणेश हिमाल हाईड्रोपावर लिमिटेड मिति २०७५/०६/२५ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भएको र मिति २०८०/०८/१९ मा गणेश हिमाल हाइड्रोपावर प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भएको । यस कम्पनीले कारोबार गरेको १ वर्ष भन्दा बढी भएको ।

माथि उल्लेखित अवस्थाहरुको पालना भएको सम्बन्धमा श्री डि.जि.बि.ए. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टद्धारा प्रमाणित गरिएको छ ।

**<u>यस कम्पनीका मुख्य उद्देश्यहरु :</u>**

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) नेपालका विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने ।

(ख) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धी आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तैः विद्युत प्रसारण, वितरण लाइन, सव–स्टेशनहरु लगायतको आवश्यक निर्माण संचालन एंव मर्मत संभार सम्बन्धी कार्य गर्ने ।

(ग) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धी आवश्यक पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

(घ) विद्युत उत्पादक कम्पनीहरुबाट उत्पादित विद्युत उर्जा लिजमा लिई वा खरीद गरी बिक्री वितरण गर्ने वा सव लिज गर्ने ।

(ङ) जलविद्युत तथा अन्य सौर्य र वायुस्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्न तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै, विद्युत उत्पादन सम्बन्धी परामर्श प्रदान गर्ने गराउने ।

(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु स्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धी प्राविधिक तथा इन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

(ङ) **शेयर पूँजीको संरचना :**

**अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रू. ३,००,००,००,०००/– (अक्षरेपी तीन अर्ब रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू. १००/– का दरले जम्मा ३,००,००,००० (तीन करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु. २,००,००,००,०००/– (अक्षरेपी दुई अर्ब रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००/– का दरले जम्मा २,००,००,००० (दुई करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु. ८०,००,००,०००/– (अक्षरेपी असी करोड रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००/– का दरले जम्मा ८०,००,००० (असी लाख मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. २,००,००,००,०००/– (अक्षरेपी दुई अर्ब रुपैयाँ मात्र ) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भएको परिवर्तन**

| आ.व. | अधिकृत पूँजी (कित्ता) | जारी पूँजी (कित्ता) | चुक्ता पूँजी (कित्ता) |
|---|---|---|---|
| २०८०/०८१ | २,००,००,००० | २,००,००,००० | ८०,००,००० |
| २०७९/०८० | १,१५,००,००० | ८०,००,००० | ८०,००,००० |

**चुक्ता पूँजीमा हुने परिवर्तन**

| विवरण | हकप्रद निष्काशन पूर्व | हकप्रद निष्काशन पश्चात |
|---|---|---|
| **चुक्ता पूँजी (कित्ता)** | ८०,००,००० | २,००,००,००० |

(च) **हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**
हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. ८०,००,००,०००/– (अक्षरेपी असी करोड रुपैयाँ मात्र) रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु. २,००,००,००,०००/– (अक्षरेपी दुई अर्ब रुपैयाँ मात्र) कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरे पछिको पहिलो तीन वर्षको अवधि पूरा भई कम्पनीको संस्थापक शेयर मिति २०७८/०७/११ साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोबार भईरहेको छ ।

(छ) **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**
मिति २०७८/०७/११ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्जमा कारोबार भईरहेको हुनाले हाल कुनै पनि शेयरधनीहरु समुहगत रुपमा नछुटिएको ।

(ज) **निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**
कम्पनीको चुक्ता कुल साधारण शेयर संख्या ८०,००,००० (अक्षरेपी असी लाख) कित्ताको १ (एक) शेयर बराबर नयाँ १.५ (एक दशमलब पाँच) शेयर (१ : १.५) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले जम्मा १,२०,००,००० (अक्षरेपी एक करोड बीस लाख मात्र) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

(झ) **धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**
मिति २०८० आषाढ २२ गते शुक्रबार सम्पन्न पन्ध्रौं वार्षिक साधारण सभाबाट पारित भए बमोजम आ.व. २०७८/०७९ को चुक्ता पूँजीको १५०% प्रतिशतले (१: १.५) (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक दशमलव पाँच कित्ता शेयर) हुने रु. १,२०,००,००,०००/– ( अक्षरेपी एक अर्ब बीस करोड रुपैयाँ मात्र) हकप्रद शेयर जारी गर्ने विषय उपर छलफल हुँदा सो लाई सर्वसम्मतिबाट पारित भएको थियो ।

**सो सम्बन्धमा विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशन गर्न निम्नानुसारको शर्तहरू राखी स्वीकृति प्रदान गरिएको ।**
**शर्तहरु :**

क) प्रचलित कानून बमोजिम अनुमतीपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमती लिनु पर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

ख) प्रचलित कानून बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनु पर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन पालना गर्नु पर्नेछ ।

घ) तहाँ अन्तर्गतका शेयरधनीहरू मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनु पर्नेछ ।

ङ) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजीम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गर्नु पर्नेछ ।

साथै, मिति २०८०/०५/०८ गते श्री विद्युत नियमन आयोगबाट प्रदान गरिएको पत्र बमोजिम कम्पनीले हाल कायम चुक्ता पूँजी ८०,००,००० (असी लाख) कित्ताको १:१.५ को अनुपातमा हुने १,२०,००,००० (एक करोड बीस लाख) कित्ताको रू. १००/- को दरले हुन आउने रु.१,२०,००,००,०००/- (एक अर्ब बीस करोड रुपैयाँ मात्र) रकम बराबरको हकप्रद शेयर सार्वजनिक निष्काशन गर्न सहमति प्रदान गरिएको छ ।

यस कम्पनीले विद्युत नियमन आयोगबाट स्वीकृत भए बमोजिम कुल चुक्ता पूँजी रू.८०,००,००,०००/–(अक्षरेपी असी करोड रुपैयाँ मात्र) को १:१.५ अनुपातमा १,२०,००,००० (एक करोड बीस लाख) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्ने र सोको लागि, नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौलाई निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा नियुक्त गरिएको छ ।

(ञ) **संचालकहरुको परिचय :**

**संचालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव**

यस कम्पनीको सञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | समूह | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व | शेयर प्रतिशत | योग्यता | ठेगाना | सम्बन्धित क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री राम श्रेष्ठ | अध्यक्ष | सर्वसाधारण | ५१ | नेपाली | १५,००० | ०.१९ | बि.कम. (कमर्श) | का.जि.का. म.पा.वडा नं. २९ | आँखुखोला जलविद्युत कम्पनी लिमिटेड- २०६७ साल देखि २०७१ सालसम्म सञ्चालक र २०७१/१२/१३ देखि हालसम्म अध्यक्ष पदमा कार्यरत रहेको । | अध्यक्ष एक्सप्लोर कैलाश ट्रेक्स प्रा. लि. मा २०६० साल देखि हालसम्म<br>अध्यक्ष एग्रीगेट सर्भीस प्रा. लि. मा २०७० साल देखि हालसम्म<br>अध्यक्ष होटल हिमालयन भिल्ला प्रा.लि. मा २०६७ साल देखि हालसम्म<br>कार्यकारी निर्देशक ठमेल हाउस होटेल मा २०७२ साल देखि हालसम्म<br>कार्यकारी निर्देक मानस ट्राभल्स्मा २०६० साल देखि हालसम्म<br>कार्यकारी निर्देशक ठमेल ट्रेड सेन्टरमा २०७७ साल देखि हालसम्म<br>मिरा ट्राभल्समा २०४७ देखि २०५० सम्म सहायक कार्यकारी निर्देशकको रुपमा अनुभव रहेको ।<br>नेवा ट्राभल्स एण्ड टुर्समा कार्यकारी निर्देशकको रुपमा २०५० देखि २०५२ सम्मको अनुभव रहेको ।<br>श्रेष्ठ होलिडेसमा संचालन निर्देशकको रुपमा २०५३ साल देखि २०५७ साल सम्मको कार्य अनुभव रहेको । |
| २. | श्री राम प्रसाद सापकोटा | सञ्चालक | सर्वसाधारण | ५० | नेपाली | १५,२०० | ०.१९ | आइ.कम (कमर्श) | त्रिपुरेश्वर-६, धादिङ्ग | आँखुखोला जलविद्युत कम्पनी लिमिटेड- २०७२/०२/०५ देखि हालसम्म सञ्चालक पदमा कार्यरत रहेको | उपाध्यक्ष-ट्राभल्स एसोसियसन अफ नेपाल (TAN) मा २०७२ साल देखि २०७४ सम्म<br>संचालक- हिमालयन सोसल जर्नी प्रा.लि. मा २०६४ साल देखि हालसम्म<br>संचालक- हिमालयन सोसल ट्रेकिङ्ग मा २०६५ देखि हालसम्म<br>संचालक- अल्टिच्युड एयर प्रा.लि. मा २०७३ देखि हालसम्म<br>संस्थापक - मनास्लु पब्लिक स्कुल मा २०५८ देखि २०६४ सम्म को कार्य अनुभव रहेको । |
| ३ | श्री दिनेश प्रसाद श्रेष्ठ | सञ्चालक | सर्वसाधारण | ६७ | नेपाली | ४५,००० | ०.५६ | एम.ए अर्थशास्त्र | बहादुरगंज-४ कपिलवस्तु | आँखुखोला जलविद्युत कम्पनी लिमिटेडमा २०७५/०२/१३ देखि हालसम्म सञ्चालक पदमा कार्यरत रहेको | नेपाल नागरीक उड्ययन प्राधिकरणमा डेपुटी डि.जि.तथा एकेडेमिक चिफ र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा जनरल मेनेजर पदवाट निवृत्त (सेवा अवधी २०३८ साल देखि २०७० साल सम्म जम्मा ३२ वर्ष को कार्य अनुभव रहेको । |
| ४. | श्री विष्टान्त तामाङ्ग बम्जन | सञ्चालक | सर्वसाधारण | २९ | नेपाली | २,६२० | ०.०३ | स्नातकोत्तर (वित्त) ए.सि.सि. ए एफिलिएट | का.म.न.पा. ३४, काठमाण्डौ | आँखुखोला जलविद्युत कम्पनी लिमिटेडमा २०७९/०३/२२ देखि हालसम्म सञ्चालक पदमा कार्यरत रहेको | सिनियर एसोसिएट्स जेएलएल इन्र्जी एण्ड इन्फ्राइस्ट्रकचर एढभाइजरी यू.के. २०७४ साल देखि २०७७ साल सम्म जम्मा ३ वर्ष,<br>रिर्सच एनालिस्ट सि.एफ.ए. रिर्सच च्यालेन्ज टिम, एक्सटर विश्वविद्यालय यू.के. २०७३ साल देखि २०७४ साल सम्म जम्मा १ वर्ष,<br>जूनियर एकाउन्टेन्ट फेसर रस्सल लिमिटेड यू.के. २०७२ साल देखि २०७३ साल सम्म जम्मा १ वर्ष |
| ५. | श्री ईन्द्र कृष्ण श्रेष्ठ | सञ्चालक | सर्वसाधारण | ६७ | नेपाली | १,००० | ०.०१ | एस.एल.स ी. | का.म.न.पा. ३२, काठमाण्डौ | आँखुखोला जलविद्युत कम्पनी लिमिटेडमा २०७६/१०/१४ देखि हालसम्म सञ्चालक पदमा कार्यरत रहेको | कृषि विकास बैकमा टेलरको रुपमा २०४५ साल देखि २०७२ साल सम्म जम्मा २८ वर्ष कार्यरत रहेको ।<br>स्वाबलम्बन लघुवित्त लिमिटेड कम्पनीमा २०७२ साल देखि २०७३ साल सम्म जम्मा १ वर्ष सञ्चालकको पदमा बसी कार्य गरेको । |
| ६. | श्रीमती रेणुका लिम्बु | महिला सञ्चालक | सर्वसाधारण | ४५ | नेपाली | २०० | ०.००२ | स्नातक (व्यवस्थापन) | धरान ८, सुनसरी | आँखुखोला जलविद्युत कम्पनी लिमिटेडमा २०७९/०३/२२ देखि हालसम्म सञ्चालक पदमा कार्यरत रहेको | होप हिल सोसाइटी नेपालमा २०७४ साल देखि हाल सम्म गरी ६ वर्ष भन्दा बढी अवधि देखि कार्यरत रहेको । |

* स्वतन्त्र संचालक हाल नियुक्त गर्न बाँकी रहेको र कम्पनी ऐन, २०६३ को योग्यता अनुरुप यस कम्पनीले कारोबार गर्ने विषयसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तिमा दश वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानुन विषयमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त व्यक्तिलाई अगामी साधारण सभाबाट नियुक्ति गरिनेछ ।

नोटः सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ र कम्पनी ऐन २०६३ मा रहेको संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको उदघोषण गर्दछौं ।

**कम्पनीको निमित्त प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| क्र.सं. | नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | प्रतिक्षा शर्मा | का.म.न.पा. ७, काठमाण्डौं | स्नातकोत्तर (व्यवस्थापन) | आँखुखोला जलविद्युत कम्पनी लिमिटेड - २०६६ साल देखि हालसम्म गरी १४ वर्षको कार्य अनुभव रहेको । |

**(ट) सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) बमोजिम ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । मिति २०७८/०७/११ गतेदेखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पूर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन । कम्पनीमा महिला र स्वतन्त्र सञ्चालकको व्यवस्था गरिएको छ । सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकहरुको हकमा यो व्यवस्था लागु हुने छैन ।

| क्र.सं. | समूह | संख्या |
|---|---|---|
| १. | शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु (एक जना महिला सञ्चालक सहित) | ६ |
| २. | स्वतन्त्र संचालक***** | १ |
| **जम्मा** | | **७** |

* स्वतन्त्र संचालक हाल नियुक्त गर्न बाँकी रहेको र कम्पनी ऐन, २०६३ को योग्यता अनुरुप यस कम्पनीले कारोबार गर्ने विषयसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तिमा दश वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानुन विषयमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त व्यक्तिलाई अगामी साधारण सभाबाट नियुक्ति गरिनेछ ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर नयाँ एक दशमलव पाँच शेयर (१:१.५) को अनुपातमा प्रति शेयर रु. १००/– का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**(ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोके बमोजिम पारदर्शी तरिकाले शिलबन्दी बोलपत्र मार्फत लिलाम बढाबढ गरी बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

(ड १) लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गरिनेछ ।

**(ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयर (Fraction Share) लाई नजिकको माथिल्लो पूर्ण शेयर कित्ताको रुपमा प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

(ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण:

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ।

**लेखापरिक्षण भएको विगत तिन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण :**

**वासलात**

(रु.मा)

| विवरण | आ.व २०७९/८० | आ.व २०७८/७९ | आ.व २०७७/७८ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | १,८१९,३५८,०९० | १,८४७,६४७,१९६ | १,८७२,९०७,७४६ |
| ह्रास कट्टी | (२८,१३४,८७६) | (२८,२८९,१०६) | (२८,५९९,०७४) |
| **कुल स्थीर सम्पत्ति :** | **१,७९३,५८०,३९६** | **१,८१९,३५८,०९०** | **१,८४४,३०८,६७२** |
| **वित्तीय सम्पत्ति** | | | |
| दिर्घकालिन लगानी | ६,६००,००० | ६,६००,००० | ६,६००,००० |
| **कुल गैर चालु सम्पत्ति :** | **१,८००,१८०,३९६** | **१,८२५,९५८,०९०** | **१,८५०,९०८,६७२** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंकमा जम्मा मौज्दात | १,१२५,३३२ | १६६,२५५ | ५३९,३१२ |
| अल्पकालिन लगानी | – | २,०००,००० | – |
| पाउनुपर्ने रकम | १०२,०२६,८९२ | ११२,४५५,०९४ | ११२,०२७,१३० |
| अन्य चालु सम्पत्ति | ५,२६३,२५३ | ६,७५९,०५७ | ६,००४,६६९ |
| **जम्मा चालु सम्पत्ति** | **१०८,४१५,४७७** | **१२१,३८०,४०६** | **११८,५७१,१११** |
| **जम्मा सम्पत्ति** | **१,९०८,५९५,८७३** | **१,९४७,३३८,४९६** | **१,९६९,४७९,७८३** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ८००,०००,००० | ८००,०००,००० | ८००,०००,००० |
| अन्य पूँजी | (२४७,०७८,१२३) | (२३८,६८९,८९२) | (२६३,३५५,५९९) |
| **जम्मा पूँजी** | **५५२,९२१,८७७** | **५६१,३१०,१०८** | **५३६,६४४,४०१** |
| **दायित्व** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| दीर्घकालीन ऋण | १,१९५,३५७,१८० | १,२६६,३०९,६१५ | १,३१४,२२९,४१९ |
| **जम्मा दीर्घकालीन दायित्य** | **१,१९५,३५७,१८०** | **१,२६६,३०९,६१५** | **१,३१४,२२९,४१९** |
| **चालु दायित्व** | | | |
| वित्तीय दायित्वहरू | | | |
| अल्पकालिन ऋण | १०७,६३४,१९३ | ६७,०४१,८५८ | ५४,८५५,०७६ |
| व्यापार र अन्य भुक्तानीहरू | ४,८००,८७५ | ५,७३०,११५ | ५,८०१,३०८ |
| अन्य वित्तीय दायित्वहरू | ४७,८३३,४७२ | ४६,९४२,३०० | ५७,९२९,२०७ |
| अन्य चालु दायित्व | ४८,२७६ | ४,५०० | २०,३७३ |
| **कुल चालु दायित्व** | **१६०,३१६,८१६** | **११९,७१८,७७४** | **११८,६०५,९६४** |
| **जम्मा दायित्व** | **१,३५५,६७३,९९६** | **१,३८६,०२८,३८८** | **१,४३२,८३५,३८३** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,९०८,५९५,८७३** | **१,९४७,३३८,४९६** | **१,९६९,४७९,७८३** |

**नाफा नोक्सान हिसाब**

(रु. मा)

| विवरण | आ.व २०७९/८० | आ.व २०७८/७९ | आ.व २०७७/७८ |
|---|---|---|---|
| विद्युत बिक्रीबाट भएको आम्दानी | १९२,२१७,३१४ | २२२,९८२,०९४ | १९३,५७८,१५२ |
| **बिक्री लागत** | | | |
| आयोजना खर्च | (५१,७८३,२३७) | (४४,५४२,८०८) | (३३,७८१,७६८) |
| **कुल नाफा** | **१४०,४३४,०७७** | **१७८,४३९,२८६** | **१५९,७९६,३८४** |
| ह्रास खर्च | (२८,१३४,८७६) | (२८,२८९,१०६) | (२८,५९९,०७४) |
| अन्य आम्दानी | २,०३१,९६३ | ७९३,९७१ | ९३१,८०० |
| प्रशासकीय खर्च | (१०,५४९,०७७) | (८,८६९,०३७) | (८,५८८,३२९) |

| | | | |
|---|---|---|---|
| **संचालन नाफा** | **१०३,७८२,०८७** | **१४२,०७५,११३** | **१२३,५४०,७८१** |
| ब्याज आम्दानी | ३१ | ५९ | ६६ |
| वित्तीय खर्च | (११२,१७०,३४८) | (११७,३५८,६४६) | (१२२,७८९,००७) |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **(८,३८८,२३१)** | **२४,७१६,५२६** | **७५१,८४०** |
| कर खर्च | | | |
| १ चालु कर | – | – | – |
| २ स्थगन कर | – | – | – |
| **खुद नाफा/(नोक्सान)** | **(८,३८८,२३१)** | **२४,७१६,५२६** | **७५१,८४०** |
| **अन्य विस्तृत आम्दानी** | | | |
| **नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरु:** | | | |
| अन्य विस्तृत आम्दानी मार्फत इक्वीटि उपकरण | – | – | – |
| **कुल अन्य विस्तृत आम्दानी** | – | – | – |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | **(८,३८८,२३१)** | **२४,७१६,५२६** | **७५१,८४०** |
| प्रति शेयर आम्दानी रु. | | | |
| Basic प्रति शेयर आम्दानी रु. | (१.०५) | ३.०९ | ०.०९ |
| Diluted प्रति शेयर आम्दानी रु. | (१.०५) | ३.०९ | ०.०९ |

**नगद प्रवाह विवरण**

(रु. मा)

| विवरण | आ.व २०७९/८० | आ.व २०७८/७९ | आ.व २०७७/७८ |
|---|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | | |
| चालु वर्षको खुद नाफा | (८,३८८,२३१) | २४,७१६,५२६ | ७५१,८४० |
| **समायोजन** | | | |
| वित्तीय लागत | ११२,११४,२०८ | ११७,२७८,४५१ | १२२,७८९,००७ |
| वित्तीय आम्दानी | (३१) | (५९) | (६६) |
| स्थीर सम्पत्तिको ह्रास र परिशोधन | २८,१३४,८७६ | २८,२८९,१०६ | २८,५९९,०७४ |
| गत वर्षको समायोजन | – | (५०,८१९) | – |
| **चालु पूँजीमा परिवर्तन गर्नु अघिको** | **१३१,८६०,८२२** | **१७०,२३३,२०५** | **१५२,१३९,८५५** |
| **चालु सम्पत्तीमा थप/घट** | १३,९२४,००६ | (३,१८२,३५२) | ८,१४२,०१३ |
| **चालु दायित्वमा थप/घट** | ४०,५९८,०४३ | १,११२,८१० | ६,१४४,४५६ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह (क)** | **१८६,३८२,८७१** | **१६८,१६३,६६३** | **१६६,४२६,३२३** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | | |
| वित्तीय आम्दानी | ३१ | ५९ | ६६ |
| अमूर्त सम्पत्तिमा थप वा घट | – | – | – |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीमा भुक्तानी | (२,३५७,१८२) | (३,३३८,५२४) | (९२६,१३२) |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीको बिक्री | – | – | – |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(२,३५७,१५१)** | **(३,३३८,४६५)** | **(९२६,०६५)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | | |
| ऋणहरु थप वा घट | (७०,९५२,४३४) | (४७,९१९,८०४) | (४४,७१५,३१०) |
| शेयर पूँजीमा थप वा घट | – | – | – |
| लाभांश भुक्तानी | – | – | – |
| वित्तीय खर्चहरु | (११२,११४,२०८) | (११७,२७८,४५१) | (१२२,४८८,५१९) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | **(१८३,०६६,६४२)** | **(१६५,१९८,२५५)** | **(१६७,२०३,८२९)** |
| **नगदमा भएको कुल परिवर्तन (क+ख+ग)** | **९५९,०७७** | **(३७३,०५७)** | **(१,७०३,५७२)** |
| गत वर्षको सुरु मौज्दात | १६६,२५५ | ५३९,३१२ | २,२४२,८८४ |
| **नगद तथा सामानको विनिमय दर परिवर्तनको असर** | – | – | – |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | **१,१२५,३३२** | **१६६,२५५** | **५३९,३१२** |

## इक्विटीमा भएको परिवर्तनको विवरण

(रु.मा)

| विवरण | शेयर पूँजी | जगेडा तथा कोष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | पूँजी कोष | धितोपत्र प्रिमियम रिजर्भ | अन्य विस्तृत आम्दानी मार्फत इक्विटि उपकरण | जेनेरल रिजर्भ | सञ्चित नाफा | |
| **श्रावण १, २०७७ सालको मौज्दात** | ८००,०००,००० | – | – | – | – | (२५८,४८९,०६३) | ५४१,५१०,९३६ |
| शेयर पूँजीको निष्काशन | – | – | – | – | – | – | – |
| यस अवधिको नाफा | – | – | – | – | – | ७५१,८४० | ७५१,८४० |
| गत वर्षको समायोजन | – | – | – | – | – | (५,६१८,३७६) | (५,६१८,३७६) |
| लाभांश भुक्तानी | – | – | – | – | – | – | – |
| सञ्चित नाफामा स्थानान्तरण | – | – | – | – | – | – | – |
| **आषाढ २०७८ को अन्त्य मौज्दात** | **८००,०००,०००** | **–** | **–** | **–** | **–** | **(२६३,३५५,५९९)** | **५३६,६४४,४०१** |
| | – | – | – | – | – | – | – |
| शेयर पूँजीको निष्काशन | – | – | – | – | – | – | – |
| यस अवधिको नाफा | – | – | – | – | – | २४,७१६,५२६ | २४,७१६,५२६ |
| गत वर्षको समायोजन | – | – | – | – | – | (५०,८१९) | (५०,८१९) |
| लाभांश भुक्तानी | – | – | – | – | – | – | – |
| सञ्चित नाफामा स्थानान्तरण | – | – | – | – | – | – | – |
| **आषाढ २०७९ को अन्त्य मौज्दात** | **८००,०००,०००** | **–** | **–** | **–** | **–** | **(२३८,६८९,८९२)** | **५६१,३१०,१०८** |
| **श्रावण १, २०७९ सालको मौज्दात** | **८००,०००,०००** | **–** | **–** | **–** | **–** | **(२३८,६८९,८९२)** | **५६१,३१०,१०८** |
| यस अवधिको नाफा | – | – | – | – | – | (८,३८८,२३१) | (८,३८८,२३१) |
| गत वर्षको समायोजन | – | – | – | – | – | – | – |
| लाभांश भुक्तानी | – | – | – | – | – | – | – |
| सञ्चित नाफामा स्थानान्तरण | – | – | – | – | – | – | – |
| **आषाढ २०८० को अन्त्य मौज्दात** | **८००,०००,०००** | **–** | **–** | **–** | **–** | **(२४७,०७८,१२३)** | **५५२,९२१,८७७** |

## कम्पनीको आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण

### वासलात

(रु. मा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | १,७९३,५८०,३९४ | १,७६६,०७४,०५३ | १,७३८,५६२,६६० |
| ह्रास कट्टी | (२७,५०७,३४१) | (२७,५११,३९३) | (७९,७१२,५२५) |
| **कुल स्थिर सम्पत्ति :** | **१,७६६,०७४,०५३** | **१,७३८,५६२,६६०** | **१,६५८,८५०,१३५** |
| **वित्तीय सम्पत्ति** | | | |
| दिर्घकालिन लगानी | ८०९,१००,००० | ८०९,१००,००० | ८०९,१००,००० |
| **कुल गैर चालु सम्पत्ति** | **२,५७५,१७४,०५३** | **२,५४७,६६२,६६०** | **२,४६७,९५०,१३५** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैकमा जम्मा मौज्दात | १,३३२,९८५ | २९,४०६ | २,२४२,०१७ |
| पाउनुपर्ने रकम | ९९,७७७,०३२ | ९०,७३३,८२५ | ९०,७३३,८२५ |
| अन्य चालु सम्पत्ति | ५,३६३,०८२ | २,४७३,६५९ | – |

| | | | |
|---|---|---|---|
| **जम्मा चालु सम्पत्ति** | **१०६,४७३,०९९** | **९३,२३६,८९०** | **९२,९७५,८४३** |
| **जम्मा सम्पत्ति** | **२,६८१,६४७,१५२** | **२,६४०,८९९,५५१** | **२,५६०,९२५,९७९** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | २,०००,०००,००० | २,०००,०००,००० | २,०००,०००,००० |
| अन्य पूँजी | (२५८,०११,८५६) | (१८८,१०४,३६१) | (१६२,३५०,७८७) |
| **जम्मा पूँजी** | **१,७४१,९८८,१४४** | **१,८११,८९५,६३९** | **१,८३७,६४९,२१३** |
| **दायित्व** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| दीर्घकालीन ऋण | ७२०,९७३,५५५ | ६३७,७३४,२६६ | ५५०,५०४,४६६ |
| **जम्मा दीर्घकालीन दायित्य** | **७२०,९७३,५५५** | **६३७,७३४,२६६** | **५५०,५०४,४६६** |
| **चालु दायित्व** | | | |
| अल्पकालीन ऋण | १२७,३८१,६८६ | ८२,०४५,६०० | ८७,२२९,८०० |
| व्यापार र अन्य भुक्तानीहरू | ४,५९१,८३५ | ४,७६९,३१२ | ३,९५५,९८९ |
| अन्य वित्तीय दायित्वहरू | ८६,६६५,३९८ | १०४,४५४,७३४ | ८१,५८६,५११ |
| अन्य चालु दायित्व | ४६,५३३ | - | - |
| **कुल चालु दायित्व** | **२१८,६८५,४५३** | **१९१,२६९,६४६** | **१७२,७७२,३००** |
| **जम्मा दायित्व** | **९३९,६५९,०८८** | **८२९,००३,९१२** | **७२३,२७६,७६६** |
| **जम्मा पूँजी तथा दायित्व** | **२,६८१,६४७,१५२** | **२,६४०,८९९,५५१** | **२,५६०,९२५,९७९** |

**नाफा नोक्सान हिसाब**

(रु. मा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ |
| विद्युत बिक्रीबाट भएको आम्दानी | १७४,१५८,९४० | २२८,४६३,४६१ | २२८,४६३,४६१ |
| **बिक्री लागत** | | | |
| आयोजना खर्च | (३३,६२१,६४१) | (३६,४३९,५१४) | (३७,३९१,९४४) |
| **कुल नाफा** | **१४०,७५५,२१४** | **१९२,०२३,९४७** | **१९१,०७१,५१७** |
| ह्रास खर्च | (२७,५७७,३४१) | (२७,५११,३९३) | (७९,७१२,५२५) |
| अन्य आम्दानी | ४,०७५,२७१ | २६,६६० | ५८७ |
| प्रशासकीय खर्च | (१३,५०७,१७५) | (८,८१७,१४१) | (९,०४७,५९७) |
| कर्मचारी बोनस व्यवस्था | - | (१,३९८,१५०) | (५१५,०७१) |
| **सञ्चालन नाफा** | **१०३,७४५,९६९** | **१५४,३२३,९२३** | **१०१,७९६,९११** |
| वित्तीय खर्च | (११४,६७९,७०१) | (८४,४१६,४२९) | (७६,०४३,३३८) |
| **आयकर कट्टी गर्नु अधिको नाफा** | **(१०,९३३,७३२)** | **६९,९०७,४९४** | **२५,७५३,५७३** |

| | | | |
|---|---|---|---|
| कर खर्च | | | |
| १ चालु कर | - | - | - |
| २ स्थगन कर | - | - | - |
| **खुद नाफा/(नोक्सान)** | **(१०,९३३,७३२)** | **६९,९०७,४९४** | **२५,७५३,५७३** |
| **अन्य विस्तृत आम्दानी** | | | |
| **नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरुः** | | | |
| अन्य विस्तृत आम्दानी मार्फत इक्वीटि उपकरण | - | - | - |
| **कुल अन्य विस्तृत आम्दानी** | | | |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | **(१०,९३३,७३२)** | **६९,९०७,४९४** | **२५,७५३,५७३** |
| प्रति शेयर आम्दानी रु. | | | |
| Basic प्रति शेयर आम्दानी रु. | (०.५५) | ३.५० | १.२९ |
| Dilluted प्रति शेयर आम्दानी रु. | (०.५५) | ३.५० | १.२९ |

**<u>नगद प्रवाह विवरण</u>** **(रु. मा)**

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **आ.व २०८०/८१** | **आ.व २०८१/८२** | **आ.व २०८२/८३** |
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | | |
| चालु वर्षको खुद नाफा | (१०,९३३,७३२) | ६९,९०७,४९४ | २५,७५३,५७३ |
| **समायोजन** | | | |
| वित्तीय लागत | ११४,६७९,७०१ | ८४,४१६,४२९ | ७६,०४३,३३८ |
| वित्तीय आम्दानी | | | |
| स्थीर सम्पत्तिको ह्रास र परिशोधन | २७,५७७,३४१ | २७,५११,३९३ | ७९,७१२,५२५ |
| गत वर्षको समायोजन | | | |
| **चालु पूँजीमा परिवर्तन गर्नु अघिको** | **१३१,३२३,३१०** | **१८१,८३५,३१६** | **१८१,५०९,४३६** |
| **चालु सम्पत्तिमा थप/घट** | २,१५०,०३३ | ११,९३२,६२९ | २,४७३,६५९ |
| **चालु दायित्वमा थप/घट** | ५८,३६८,६३७ | (३६,२७३,०९५) | (२३,६८१,५४६) |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह (क)** | **१५८,८४१,९७९** | **१५७,४९४,८५०** | **१६०,३०१,५४९** |
| **लगानी गतिविधिको नगद प्रवाह** | - | - | - |
| वित्तीय आम्दानी | - | - | - |
| लगानीमा थप/(घट) | (८०२,५००,०००) | - | - |
| अमूर्त सम्पत्तिमा थप वा घट | - | - | - |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीमा भुक्तानी | (७१,०००) | - | - |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीको बिक्री | - | - | - |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(८०२,५७१,०००)** | **-** | **-** |

| | | | |
|---|---|---|---|
| **वित्तीय गतिविधिको नगद प्रवाह** | - | - | - |
| ऋणहरु थप वा घट | (४७४,३८३,६२५) | (७४,३८२,०००) | (८२,०४५,६००) |
| शेयर पूँजीमा थप वा घट | १,२००,०००,००० | - | - |
| लाभांश भुक्तानी | - | - | - |
| वित्तीय खर्चहरु | (११४,६७९,७०१) | (८४,४१६,४२९) | (७६,०४३,३३८) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | **६१०,९३६,६७४** | **(१५८,७९८,४२९)** | **(१५८,०८८,९३८)** |
| **नगदमा भएको कुल परिवर्तन (क+ख+ग)** | **२०७,६५३** | **(१,३०३,५७९)** | **२,२१२,६११** |
| गत वर्षको सुरु मौज्दात | १,१२५,३३२ | १,३३२,९८५ | २९,४०६ |
| **नगद तथा सामानको विनिमय दर परिवर्तनको असर** | **-** | **-** | **-** |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | **१,३३२,९८५** | **२९,४०६** | **२,२४२,०१७** |

**प्रमुख अनुपात र सूचकहरु**

| क.सं. | विवरण | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|---|
| १ | विद्युत बिक्री वापतको आयमा औषत बृद्धिदर (प्रतिशत) | -९% | ३१% | ०% |
| २ | अन्य आम्दानी वापतको आयमा औषत बृद्धिदर (प्रतिशत) | १०१% | ८४% | -९८% |
| ३ | कुल खर्चमा औषत बृद्धिदर (ब्याज/ह्रास बाहेक) (प्रतिशत) | -२५% | -४% | ३% |
| ४ | संचालन खर्च तथा कुल आम्दानी अनुपात | -३५% | ९% | ३% |
| ५ | खुद मुनाफामा औषत बृद्धिदर | -३०% | ७३९% | -६३% |
| ६ | आयकर व्यवस्था | | | |
| क | अन्य आम्दानीमा | २१.२५% | २१.२५% | २१.२५% |
| ख | विद्युत बिक्री वापतको आयमा | १०% | १०% | १०% |
| ७ | प्रति शेयर आम्दानी (रु.) | (०.५५) | ३.५० | १.२९ |
| ८ | इक्विटिमा प्रतिफल | (०.६०%) | ३.९०% | १.४०% |
| ९ | सम्पत्तिमा प्रतिफल | ६.०१% | ८.९६% | ६.११% |
| १० | जडित क्षमताको औषत उपयोग | ६७% | ८८% | ८८% |

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

| क.सं. | विवरण | आधारहरु |
|---|---|---|
| १. | व्यापारीक उत्पादन मिति | २०७०-०५-०८ |
| २. | विद्युत बिक्री वापत आम्दानी | कम्पनीले नेपाल विद्युत प्राधिकरणसगँको विद्युत खरीद बिक्री सम्झौता बमोजिम आम्दानी गणना गरिएको छ । आ.व. २०८०/०८१ को बैशाख मसान्त सम्मको बिल बमोजिम र बाँकी दुई महिनाको विगतका वर्षहरुमा भएको आम्दानी र पानी पर्ने सम्भावनालाई मध्यनजर गरी आम्दानीको प्रक्षेपण गरिएको छ । आ.व. २०७९/०८० को तुलनामा भन्दा २०८०/०८१ मा कम पानी परेको साथै, साउन, भदौ र असोज महिनामा पूर्ण क्षमतामा उत्पादन नभएको हुनाले प्रतिशतमा कमि देखिएको । आ.व. २०८१/०८२ को हकमा विद्युत प्राधिकरणद्धारा आवश्यक पूर्वाधार तयार गर्ने अनुमान गरिएको कारणले विद्युत बिक्री आम्दानीमा वृद्धि गरिएको र आ.व. २०८२/०८३ सोही क्षमता बमोजिम संचालन भएकोले कुनै पनि वृद्धि नदेखिएको ।<br>आ.व. २०८०/८१ मा राखेको सुख्खा मौसमको दर प्रति इकाई रु. ८.८९ र वर्षा मौसमको लागि प्रति इकाई रु. ५.०८ का दरले प्रक्षेपण गरिएको छ। |
| ३. | कुल खर्च | आ.व. २०७९/०८० मा कर्मचारीको तलब वृद्धि र मर्मत संम्भार खर्चमा वृद्धि भएको तर आ.व. २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ मा सो खर्च नहुने प्रक्षेपण गरिएको । |
| ४. | प्रशासनिक तथा उत्पादन खर्च (ब्याज र ह्रास बाहेक) | यकिन गर्न सकिने खर्चको हकमा सोहि अनुरुप र यकिन गर्न नसकिने खर्चको हकमा वार्षिक २% विन्दुले वृद्धि हुने प्रक्षेपण गरिएको । |

| | | |
|---|---|---|
| ५. | रोयल्टी खर्च | कुल आयको २ प्रतिशत र क्षमता वापत रु. ८,४०,०००।०० दरले रोयल्टीको खर्च गणना गरिएको । |
| ६. | ब्याज खर्च | आ.व. २०७९/८० को लागि ९.०० (नौ) प्रतिशत (Effective Interest Rate) आ.व.२०८०/८१ को लागि बाह्र महिनाको लागि नौ प्रतिशत (Effective Interest Rate) र आ.व. २०८१/८२ को लागि १०.५० प्रतिशत (Effective Interest Rate) दरले ब्याज खर्च गणना गरिएको । |
| ७. | ह्रास खर्च | For Intangible assets depreciation charged on systematic basis reflecting the pattern in which future economic benefits are expected to be consumed by the entity को आधारमा आ.व. २०७७/७८ देखि निम्न बमोजिम ह्रास खर्च दाबी गरिएको र बाँकीको अवधि २१ वर्षमा निम्न आधारमा परिशोधन गरिएको र अन्य सम्पतीको हकमा WDV आधारमा गरिएको |
| ८. | बोनस खर्च | आयोजनाको संचालन आयबाट वार्षिक खुद नाफाको २ प्रतिशतका दरले व्यवस्था गरिएको । |
| ९. | अन्य आम्दानी | आ.व. २०७९/०८० को बीमा दाबी भन्दा आ.व. २०८०/०८१ मा बीमा दाबी साथै, शेयर बिक्री रकम आम्दानी भएको हुनाले १०१% बढी देखिएको । आ.व. २०८०/०८१ मा बीमा दाबी वापत रु आठ लाख प्राप्त हुने साथै, लगानी शेयर मध्ये केही बिक्री हुने र २०८१/०८२ र आ.व. २०८२/०८३ मा बीमा दाबी रकम साथै, लगानी गरिएको शेयर बिक्री नहुने प्रक्षेपण गरिएको हुनाले घटी देखिएको । |
| १०. | बीमा शुल्क | आयको २.५ प्रतिशतका दरले बीमा खर्च प्रक्षेपण गरिएको । |
| ११. | आयकरको दर | व्यवसायिक सञ्चालनको पहिलो दश वर्षको लागि आयकरमा शतप्रतिशत र अर्को पाँच वर्षको लागि ५० प्रतिशत छुट अनुमान गरिएको छ। अन्य आयमा २१.२५ अनुमान गरिएको छ। |
| १२. | हकप्रद शेयर वापत प्राप्त रकम | क. आँखुखोला २ जलविद्युत परियोजनामा रु.८०,००,००,००० लगानी गर्ने<br>ख. आशिंक ऋण चुक्ता गर्ने रु. ४०,००,००,००० |
| १३. | लगानी | आँखुखोला २ जलविद्युत परियोजनामा रु.८०,००,००,००० र सिगटी हाईड्रो ईर्न्जी कम्पनी लि. मा रु ९०,००,००० लगानी गरिएको छ। |

(ह्रास खर्च तालिका)

| वर्ष | ह्रासकट्टी दर | संचित |
|---|---|---|
| १ देखी ३ सम्म (आ व ७९/८० देखि ८१/८२) | १.५% | ७.५% |
| ४ देखि ६ सम्म | ४.५% | १३.५% |
| ७ देखि १३ सम्म | ६.०% | ४२.०% |
| १४ देखि २० सम्म | ९.०% | ६३.०% |
| २१ | | बाँकी |

**नोट :** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरुको पुनरावलोकन गरी सो विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने डि.जि.बी.ए. एण्ड एसोसियट्स् रहेको छ।

**(त) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

(क) यस कम्पनीले आ.व. २०७९/०८० NFRS बमोजिमको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तयार गरी लेखापरिक्षण गराई मिति २०८०/०९/२० गते बोलाईएको सोह्रौ वार्षिक साधारण सभाबाट पारित गरिएको ।

**२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ गतेसम्मको वासलात**

| विवरण | आ.व २०७९/८० (रकम रु.मा) |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | १,८१९,३५८,०९० |
| ह्रास कट्टी | (२८,१३४,८७६) |
| **कुल स्थीर सम्पत्ति :** | **१,७९३,५८०,३९६** |
| **वित्तीय सम्पत्ति** | |
| दिर्घकालिन लगानी | ६६००,००० |
| **कुल गैर चालु सम्पत्ति :** | **१,८००,१८०,३९६** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंकमा जम्मा मौज्दात | १,१२५,३३२ |
| अल्पकालिन लगानी | - |
| पाउनुपर्ने रकम | १०२,०२६,८९२ |
| अन्य चालु सम्पत्ति | ५,२६३,२५३ |
| **जम्मा चालु सम्पत्ति** | **१०८,४१५,४७७** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **१,९०८,५९५,८७३** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ८००,०००,००० |
| अन्य पूँजी | (२४७,०७८,१२३) |
| **जम्मा पूँजी** | **५५२,९२१,८७७** |
| **दायित्व** | |
| **वित्तीय दायित्वहरू** | |
| दीर्घकालीन ऋण | १,१९५,३५७,१८० |
| **जम्मा दीर्घकालीन दायित्य** | **१,१९५,३५७,१८०** |
| **चालु दायित्व** | |
| वित्तीय दायित्वहरू | |
| अल्पकालीन ऋण | १०७,६३४,१९३ |
| व्यापार र अन्य भुक्तानीहरू | ४,८००,८७५ |
| अन्य वित्तीय दायित्वहरू | ४७,८३३,४७२ |
| अन्य चालु दायित्व | ४८,२७६ |
| **कुल चालु दायित्व** | **१६०,३१६,८१६** |
| **जम्मा दायित्व** | **१,३५५,६७३,९९६** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,९०८,५९५,८७३** |

**नाफा- नोक्सान हिसाब**
**२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ गतेसम्मको**

| **विवरण** | **आ.व २०७९/८० (रकम रु.मा)** |
|---|---|
| विद्युत बिक्रीबाट भएको आम्दानी | १९२,२१७,३१४ |
| **बिक्री लागत** | |
| आयोजना खर्च | (५१,७८३,२३७) |
| **कूल नाफा** | **१४०,४३४,०७७** |
| ह्रास खर्च | (२८,१३४,८७६) |
| अन्य आम्दानी | २,०३१,९६३ |
| प्रशासकीय खर्च | (१०,५४९,०७७) |
| **संचालन नाफा** | **१०३,७८२,०८७** |
| ब्याज आम्दानी | ३१ |
| वित्तीय खर्च | (११२,१७०,३४८) |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **(८,३८८,२३१)** |
| कर खर्च | |
| १ चालु कर | - |
| २ स्थगन कर | - |
| **खुद नाफा/(नोक्सान)** | **(८,३८८,२३१)** |
| **अन्य विस्तृत आम्दानी** | |
| **नाफा नोक्सान हिसाबमा पूनरवर्गिकरण नहुने शिर्षकहरु:** | |
| अन्य विस्तृत आम्दानी मार्फत इक्वीटि उपकरण | **-** |
| **कुल अन्य विस्तृत आम्दानी** | **-** |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | **(८,३८८,२३१)** |

| | |
|---|---|
| प्रति शेयर आम्दानी रु. | |
| Basic प्रति शेयर आम्दानी रु. | (१.०५) |
| Diluted प्रति शेयर आम्दानी रु. | (१.०५) |

**नोट :** आ.व. २०७९/८० को हकमा कम्पनी घाटामा रहनुको मुख्य कारण विद्युत प्राधिकरणद्धारा यस आयोजनालाई असोज, जेष्ठ र आषाढ महिनामा पूर्ण क्षमतामा सञ्चालन गर्न नदिएको र आयोजनाको २ वटा Turbine मर्मत गरिएको हुदाँ सो मर्मत खर्च र सुख्खा सिजन अवधिमा आ.व. २०७८/७९ को तुलनामा कम पानी परेको हुनले कम विद्युत उत्पादन भएकोले यस आ.व. मा कम्पनी घाटामा देखिएको ।

**नगद प्रवाह विवरण**
**२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ गतेसम्मको**

| विवरण | आ.व २०७९/८० (रकम रु.मा) |
|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | |
| चालु वर्षको खुद नाफा | (८,३८८,२३१) |
| **समायोजन** | |
| वित्तीय लागत | ११२,११४,२०८ |
| वित्तीय आम्दानी | (३१) |
| स्थीर सम्पत्तिको ह्रास र परिशोधन | २८,१३४,८७६ |
| गत वर्षको समायोजन | - |
| **चालु पूँजीमा परिवर्तन गर्नु अघिको** | **१३१,८६०,८२२** |
| **चालु सम्पत्तीमा थप/घट** | १३,९२४,००६ |
| **चालु दायित्वमा थप/घट** | ४०,५९८,०४३ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह (क)** | **१८६,३८२,८७१** |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| वित्तीय आम्दानी | ३१ |
| अमूर्त सम्पत्तिमा थप वा घट | - |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीमा भुक्तानी | (२,३५७,१८२) |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीको बिक्री | - |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(२,३५७,१५१)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | |
| ऋणहरु थप वा घट | (७०,९५२,४३४) |
| शेयर पूँजीमा थप वा घट | - |
| लाभांश भुक्तानी | - |
| वित्तीय खर्चहरु | (११२,११४,२०८) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | **(१८३,०६६,६४२)** |
| **नगदमा भएको कुल परिवर्तन (क+ख+ग)** | **९५९,०७७** |
| गत वर्षको सुरु मौज्दात | १६६,२५५ |
| **नगद तथा सामानको विनिमय दर परिवर्तनको असर** | - |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | **१,१२५,३३२** |

**(ख) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी**

**विवरणपत्रमा समावेश गर्नु पर्ने :**

– आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक अवधि (२०८० चैत्र मसान्त) सम्मको व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

(रु.मा)

| विवरण | आ.व. २०८०/८१ तेस्रो त्रैमासिक विवरण |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | १,७७२,९००,०५१ |
| **वित्तीय सम्पत्ति** | |
| दिर्घकालिन लगानी | ६,६००,००० |
| **कुल गैर चालु सम्पत्ति :** | **१,७७९,५००,०५१** |
| **चालू सम्पत्ति** | |
| स्टक | – |
| **वित्तीय सम्पत्ति** | |
| पाउनुपर्ने रकम | ९२,३८२,५६१ |
| नगद तथा बैंकमा जम्मा मौज्दात | २००,०११ |
| अल्पकालिन लगानी | – |
| अन्य चालु सम्पत्ति | १३,१२७,१८८ |
| **जम्मा चालू सम्पत्ति** | **१०५,७०९,७६०** |
| **जम्मा सम्पत्ति** | **१,८८५,२०९,८११** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ८००,०००,००० |
| अन्य पूँजी | (२४४,५०५,९१८) |
| **जम्मा पूँजी** | **५५५,४९४,०८२** |
| **दायित्व** | |
| **वित्तीय दायित्वहरू** | |
| दीर्घकालीन ऋण | १,१६६,११४,३३२ |
| **जम्मा दीर्घकालीन दायित्य** | **१,१६६,११४,३३२** |
| **चालु दायित्व** | |
| **वित्तीय दायित्वहरू** | |
| अल्पकालीन ऋण | ८७,०९९,२३९ |
| व्यापार र अन्य भुक्तानीहरू | ४,६७९,१७८ |
| अन्य वित्तीय दायित्वहरू | ७१,८१०,३१० |
| अन्य चालु दायित्व | १२,६७० |
| **कुल चालु दायित्व** | **१६३,६०१,३९७** |
| **जम्मा दायित्व** | **१,३२९,७१५,७२९** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,८८५,२०९,८११** |

**नाफा- नोक्सान हिसाब**

(रु.मा)

| विवरण | आ.व. २०८०/८१ तेस्रो त्रैमासिक विवरण |
|---|---|
| विद्युत बिक्रीबाट भएको आम्दानी | १४०,४८०,२४२ |
| **बिक्री लागत** | |
| आयोजना खर्च | (२३,७३७,६३७) |
| **कूल नाफा** | **११६,७४२,६०५** |
| ह्रास खर्च | (२०,६८०,३४४) |
| अन्य आम्दानी | १,१४०,८४५ |
| प्रशासकीय खर्च | (८,५००,७५७) |
| कर्मचारी बोनस व्यवस्था | – |

| | |
|---|---|
| **संचालन नाफा** | **८८,७०२,३५०** |
| ब्याज आम्दानी | - |
| वित्तीय खर्च | (८६,१३०,१४४) |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **२,५७२,२०६** |
| कर खर्च | |
| १ चालु कर | - |
| २ स्थगन कर | - |
| **खुद नाफा/(नोक्सान)** | **२,५७२,२०६** |

**नगद प्रवाह विवरण**

(रु.मा)

| विवरण | आ.व. २०८०/८१ तेस्रो त्रैमासिक विवरण |
|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | |
| चालु वर्षको खुद नाफा | २,५७२,२०६ |
| **समायोजन** | |
| स्थीर सम्पत्तिको ह्रास र परिशोधन | २०,६८०,३४४ |
| वित्तीय आम्दानी | - |
| वित्तीय लागत | ८६,१३०,१४४ |
| गत वर्षको समायोजन | - |
| **चालु पूँजीमा परिवर्तन गर्नु अघिको** | |
| अन्य सम्पत्तिमा थप/घट | (७,८६३,९३५) |
| व्यापार आयमा थप/घट | ९,६४४,३३२ |
| व्यापार व्यायमा थप/घट | (१२१,६९८) |
| वित्तीय दायित्वमा थप/घट | २३,९७६,८३८ |
| अन्य दायित्वमा थप/घट | (३५,६०५) |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | **१३४,९८२,६२५** |
| आयकर भुक्तानी | - |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह (क)** | **१३४,९८२,६२५** |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| वित्तीय आम्दानी | - |
| सम्पत्ति, प्लान्ट तथा उपकरणमा अधिग्रहण | - |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **-** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | |
| कुल ऋण (भुक्तानी)/लिएको | (४९,७७७,८०३) |
| वित्तीय खर्चहरु | (८६,१३०,१४४) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | **(१३५,९०७,९४६)** |
| **नगद र नगद सरहमा भएको थप/घट (क+ख+ग)** | **(९२५,३२१)** |
| **नगद र नगद सरहमा भएको कुल विदेशी विनिमयमा भएको फरक** | **-** |
| **गत वर्षको सुरु मौज्दात** | **१,१२५,३३२** |
| **यस वर्षको अन्तिम मौज्दात** | **२००,०११** |

(ग) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नेछौं ।

(थ) **संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।
- आयोजना निर्माणका लागि बैंकबाट ऋण प्राप्त हुन नसकेमा जोखिम उत्पन्न हुनेछ ।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको ।

(यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्झौता भई सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्रधिकरण पूर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदाँ विद्युत बिक्रिबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।)

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over run) को जोखिम :** आयोजना सम्पन्न भएर सञ्चालनमा रहेकाले आयोजनाको लागतमा बृद्धि हुने जोखिम नरहेको । यस कम्पनीले हकप्रद शेयर निश्काशनबाट प्राप्त रकम निर्माणाधीन आँखुखोला २ जलविद्युत आयोजनाको निर्माणमा जानु पूर्व प्रतिष्ठित परामर्शदाताहरुबाट अध्ययन गराई उहाँहरुको सल्लाह तथा सुझावहरु अनुसार योग्य ठेकेदार कम्पनीहरुलाई निर्माणको सम्पूर्ण जिम्मा दिने गरी आगामी योजना बनाईएको हुँदा आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना न्यून रहेको छ । यद्यपी निर्माण कार्य गर्दै जादाँ काबुबाहिरको परिस्थिति उत्पन्न भई आयोजना समयमा सम्पन्न गर्न नसकेको खण्डमा मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम रहने छ ।

(५) **विदेशी विनिमयको जोखिम :** संचालनमा रहेको आयोजनाको हकमा विदेशी कारोबार र भुक्तानी नभएको हुनाले विदेशी विनिमयको जोखिम नरहेको । नयाँ आयोजना निर्माण गर्दा आवश्यक इलेक्ट्रोमेकानिकल उपकरण तथा स्टिल प्लेट खरीद गर्दा विदेशी मुद्रा मार्फत आयात हुने भएकोले विदेशी मुद्राको विनियम दरमा हुने परिवर्तन आयातित वस्तुको मूल्यमा वृद्धि हुने जोखिम रहेको । तथापी विदेशी मुद्राको विनियम दर घटेमा यसबाट आयोजना भने लाभान्वित हुनेछ ।

(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी सकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजनामा असर पर्नेछ ।

(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

(९) **सञ्चालन अनुभवको अभाव :** कम्पनीको व्यवस्थापन समूहले यो परियोजना निर्माण गरी विगत १० वर्षदेखि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको ।

(१०) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

(११) **पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : कम्पनीको आयोजनाका लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तैयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको । नयाँ जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने पूर्वाधारमा क्षतिको जोखिम रहेको ।

(१२) **अन्य :**

- **दैविप्रकोप तथा काबु बाहिरको परिस्थीति** उत्पन्न भई आयोजना संचालनमा भौतिक रुपमा क्षतिको जोखिम रहेको । जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतनबाट खोलामा पानीको बहाबमा घटबढ हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्दछ ।
- **देशको राजनैतिक अस्थिरताका कारण आउने जोखिमहरुः** सरकारले लिएका गलत निर्णयले अर्थतन्त्रमा नकारात्मक परिवर्तन आएमा, देशमा तरलता अभाव भएमा, नीतिगत निर्णयमा नियमक निकायको भरपर्दो भुमिका नरहेमा, आर्थिक तथा नीतिगत जोखिम रहेको ।
- **पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरुः** आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मूल्य लागत मूल्य तथा किताब मूल्य भन्दा अधिक रहेको छ सो कारण हाल जोखिम नरहेको ।

(१३) **सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । देशमा बढी उत्पादन गर्न सकेमा विद्युतको निर्यात गर्न सकिनेछ । विद्युतको प्राचुर्यता भएमा देशमा औद्योगिक विकास हुने अनुमान छ । पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पत्ति र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक

सम्पत्ति, लस अफ प्रोफिटको बीमा र मेशिनरी ब्रेकडाउन समेत **श्री युनाइटेड अजोड ईन्स्योरेन्स कम्पनी लिमिटेड, सुन्धारा काठमाण्डौंमा बीमा गरिएको छ ।**

| क्र.सं. | बीमाको प्रकार | बीमा भएको मिति | बीमा रकम रु. | प्रिमियम रकम रु. | रहने अवधि |
|---|---|---|---|---|---|
| १. | परियोजनाको सामान्य सम्पत्ति विमालेख | २०८०/०६/१५ | १,४७,५०,००,०००/- | ३०,८३,५०७/- | २०८०/०६/१५ देखि २०८१/०६/१५ सम्म |
| २. | विद्युत उत्पादन लाभ/हानी विमालेख | २०८०/०६/१५ | १५,३५,५४,११९.८७/- | ९,३७,००७.२४/- | २०८०/०६/१५ देखि २०८१/०६/१५ सम्म |
| ३. | मेशिनरी ब्रेकडाउन विमालेख | २०८०/०६/१५ | ८,२६,५८,३८१.३४/- | ८,४०,६५५.२५/- | २०८०/०६/१५ देखि २०८१/०६/१५ सम्म |
| ४. | मेशिनरी लाभ/हानी विमालेख | २०८०/०६/१५ | १०,००,००,००० /- | ६,१०,२२०/- | २०८०/०६/१५ देखि २०८१/०६/१५ सम्म |
| ५. | विद्युतीय समान विमालेख | २०८०/०६/१५ | ३,२३,४१,६१८.६६/- | ३,२८,९३४.७५/- | २०८०/०६/१५ देखि २०८१/०६/१५ सम्म |

**(१४) धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा रहेको तल उल्लेखित व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ ।

**<u>धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ मा रहेको व्यवस्था</u>**

**लिलाम बढाबढ गर्नु पर्नेः**

(१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँट भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।
(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिँदा बोलकबोलका लागि बढीमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नु पर्नेछ ।
(३) उपनियम (२) बमोजिम बोलकबोलको अवधि समाप्त भएको सात कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँट गर्नु पर्नेछ ।
(४) उपनियम (३) बमोजिम बाँडफाँट भएको सात कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँटपत्र सहित रकम फिर्ता भुक्तानी गरिसक्नु पर्नेछ ।
(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भुक्तानी सम्पन्न भएको सात दिन भित्र पुनः लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ ।

**<u>धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा रहेको व्यवस्था</u>**

**हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रक्रिया :**

(१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरू पूरा गर्नु पर्नेछ :-
(क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नु पर्ने,
(ख) अङ्कित मूल्यमा बढाबढ गर्नु पर्ने,
(ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धी सूचना बिक्री खुला हुनु भन्दा कम्तिमा सात दिन अगाडि कुनै दुईवटा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नु पर्ने,
(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नु पर्ने :-
१. बिक्री खुला हुनुभन्दा तीन दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,
२. बिक्री खुला हुनुभन्दा दुई दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख एफएम रेडियामा,
३. बिक्री खुला हुनुभन्दा एक दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा,
(ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रबन्धक र सम्बन्धित कम्पनीको वेवसाइटमा राख्नु पर्ने,
(च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,
(छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धी सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,
(ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गर्नु पर्ने,
(झ) लिलाम बढाबढमा शेयर खरीदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य तीन दिन भित्र शुरु गर्नु पर्ने,

(ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनुपर्ने ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

(क) कम्पनीको रजिष्टर्ड कार्यालय, अनामनगर २९, काठमाण्डौ ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौ ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :** सो नभएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

यस कम्पनीको रामेछाप शेर्पा कन्सर्टकसनसँग रु. उन्नाइस करोड बीस लाख बराबरको भुक्तानी विवाद रहेको र सो सम्बन्धी मुद्दामा मिति २०८०/०५/२५ उच्च अदालत पाटनबाट रकम र मुद्दा सम्बन्ध पूर्ण एकिन गर्न मध्यस्तकर्ताकोमा फिर्ता पठाईएको साथै, यो विवरणपत्र तयार हुँदा सम्ममा मध्यस्तकर्ता नियुक्त नभएको जसका कारण वित्तीय दायित्व यकिन नभएको ।

**(ब) धितोपत्र खरीद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीद प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १.५ को अनुपातमा (विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १.५ कित्ता साधारण शेयरको दरले) शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।

२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बरहरु, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

(क) आवेदकको पूरा नाम नेपाली तथा अग्रेजी दुबैमा उल्लेख गर्नुपर्नेछ ।

(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।

(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।

(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।

(च) आवेदकको खाता रहेको बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।

(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै, राखी आवेदन दिनु पर्नेछ ।

५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि तोकिएको समयभित्र हकप्रद शेयर खरीदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दाबी गर्न पाउने छैन ।

७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।

८) यस हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्राप्त गर्ने भौतिक रुपमा शेयर कायम रहेका शेयरधनीहरुको डिम्याट खाता (DEMAT Account/BOID No.) भएमा निजहरुले चाहेको खण्डमा आवेदकहरुलाई धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था गरिने हुदाँ नीजहरुले शेयर खरीदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१०) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नुपर्नेछ ।

११) शेयर खरीद गर्न चाहने शेयरधनीहरुले आवेदन गर्दा रु. ५ लाख रकम बराबरको आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढीका लागि आवेदन दिनु परेमा अनिवार्य रुपमा आवेदकको प्यान नम्बर खुलाउनु पर्नेछ ।

१२) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्राप्त गर्न भौतिक रुपमा शेयर कायम रहेका शेयरधनीहरुको डिम्याट खाता (DEMAT Account/BOID No.) नभएमा नीजहरुले चाहेको खण्डमा तोकिएका संकलन केन्द्रमा गई भौतिक रुपमा आवेदन फाराम भरी आवेदन दिन सकिने व्यवस्था रहेको छ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २० को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्नेछ।

ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरी मनोनयन गर्नु पर्नेछ।

ग) हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ।

घ) हक हस्तान्तरण गरी शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्याको १० प्रतिशत भन्दा बढी नहुने गरी मनोनित भएको हुनु पर्नेछ।

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको।

(छ) शेयरधनीले आफूले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिनु पर्नेछ। साथै, हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ।

ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ।

झ) सञ्चालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तीन दिन अगाडि हक हस्तान्तरण गरी निष्काशन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ।.

(ञ) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तीय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(ट) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

(क) कम्पनीको पन्ध्रौं बार्षिक सभाको निर्णय बमोजिम आ.व. २०८०/८१ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि आर.एम.एस.ए. एण्ड एसोसियट्सलाई नियुक्त गरिएको छ।

(ख) यस कम्पनीको कम्पनी सचिवमा श्री शम्भु तिमल्सीना हुनुहुन्छ।

(ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबार, भावी रणनीति तथा कम्पनीको सञ्चालक समितिबाट स्वीकृत पाँच वर्षिय व्यवसायिक योजनाको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो। उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगति, भावी रणनीति तथा व्यवसायिक योजनाको आधारमा पुनरावलोकन गरी विवरण यर्थाथपरक रहेको छ भनी प्रमाणित गर्ने श्री डि.जि.बि.ए. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट रहेका छन्।

(घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंले तयार गरेको हो।

(ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौ रहेको छ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**क) हकप्रद शेयर निष्काशन गर्नुको उद्देश्य तथा योजना सम्बन्धमा :**

मिति २०८०/०३/२२ गते कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित भए बमोजिम चुक्ता पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड रुपैयाँ मात्र) को १:१.५ (एक बराबर एक दशमलव पाँच) को अनुपातमा रु.१,२०,००,००,०००/- (अक्षरेपी एक अर्ब बीस करोड रुपैयाँ मात्र) बराबरको १,२०,००,००० (अक्षरेपी एक करोड बीस लाख कित्ता मात्र) थान हकप्रद शेयर निष्काशनको उद्देश्य मुख्यतया आँखुखोला जलविद्युत कम्पनी लिमिटेडलाई माथिल्लो स्तरमा पुऱ्याउन, यस लिमिटेडको देशमा विद्यमान उर्जा संकट निवारणमा रहेको योगदान अझ बढाउनको लागि र शेयरधनी लगानीकर्ताहरुको विश्वास बढाउने उद्देश्यका साथ निम्न फाईदाहरुका कारण यस कम्पनीले गणेश हिमाल हाइड्रोपावर लि.ले प्रवर्द्धन गर्न लागेको २० मेगावाटको आँखुखोला -२ जलविद्युत आयोजनामा रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड रुपैयाँ मात्र) लगानी गर्ने र बाँकी रकम रु. ४०,००,००,०००/- ( चालिस करोड रुपैया मात्र) यस कम्पनीमा रहेको बैक तथा वित्तीय संस्थाको ऋणको आशिंक भुक्तानी गर्न उपयोग गर्ने योजना भएको। कम्पनीको हकप्रद शेयर सार्वजनिक निष्काशनको लागि श्री विद्युत नियमन आयोगबाट १:१.५ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने स्वीकृति लिई धितोपत्र बोर्डमा स्वीकृतिका लागि पेश गरिएको हो।

**अ) औषत प्रति मेगावाट लागत घटाउने** :

हामीले आखुँखोला-२ जलविद्युत आयोजनामा लगानी गर्दा निम्नानुसार औषत प्रति मेगावाट लागत घटाउन सक्ने हुदाँ :

| **आयोजना** | **क्षमता** | **लागत** |
|---|---|---|
| आखुँखोला जलविद्युत आयोजना | ८.४ मेगावाट | २४२.६८ करोड |
| आखुँखोला-२ जलविद्युत आयोजना | २० मेगावाट | ३९१.४१ करोड |
| जम्मा | **२८.४ मेगावाट** | **६३४.०९ करोड** |
| प्रति मेगावाट लागत | | २२.३३ करोड |

यसरी राम्रो प्रतिफल दिईरहेका धेरै आयोजनाहरुको प्रति मेगावाट लागत सरह हुने हुदाँ यो आयोजनामा लगानी गर्दा शेयरधनीहरुलाई उचित लाभांश दिन सक्नेछौ ।

**आ) प्रति शेयर आम्दानी (EPS) बढाउन :**

लागत बढ्दा Equity र Bank Loan दुबै बढेको कारणले हामीले Bank Loan को Interest र Principal दुबैमा आम्दानीको अधिकांश हिस्सा लगाइरहेका छौ र लगाइरहनु पर्ने देखिन्छ । यसले गर्दा हाम्रो आखुँखोला जलविद्युत कम्पनी लिमिटेडको Earning per share (EPS) एकदमै कम रहन गएको छ । यो अवस्थाबाट पार लगाउनको लागि हामीले आखुँखोला-२ जलविद्युत आयोजना (२० मेगावाट) मा लगानी गर्ने गरी अगाडी बढेका छौ ।

| गणेश हिमाल हाइड्रोपावर लिमिटेडको औषत प्रति शेयर आम्दानी (क) | आखुँखोला जलविद्युत कम्पनी लि. को गणेश हिमाल हाइड्रोपावर लिमिटेडमा रहने शेयर संख्या (ख) | गणेश हिमाल हाइड्रोपावर लिमिटेडबाट प्राप्त हुने वार्षिक औषत आम्दानी (ग=क*ख) | हकप्रद शेयर पछी कायम हुने आँखुखोला जलविद्युत कम्पनी लि. को शेयर संख्या | प्रति शेयर आम्दानीमा हुने वृद्धि |
|---|---|---|---|---|
| रु. २९.६३ | ८०,००,००० | २३,७०,४०,०००/- | २,००,००,००० | रु. ११.८६ |

यसरी हेर्दा आखुँखोला जलविद्युत कम्पनी लिमिटेडलाई आखुँखोला-२ जलविद्युत आयोजनामा लगानी गर्दा प्रति शेयर आम्दानी ३० वर्ष औषतमा ११.८६ रुपैयाँ भन्दा बढीले बढ्दा शेयरधनीहरुलाई उचित लाभांश दिन सक्नेछौ ।

**इ) आखुँखोला जलविद्युत कम्पनी लिमिटेडको Return Period बढाउन :**

आखुँखोला जलविद्युत कम्पनी लिमिटेडले २०६६ मा ३५ वर्षका लागि Generation License प्राप्त गरेको थियो । जसको संचालन अवधि २१०१ सम्म रहन्छ । त्यस्तै, आखुँखोला-२ जलविद्युत आयोजनाको संचालन अवधि २११४ चैत्र ११ गते सम्म रहेको छ । यसरी हेर्दा आखुँखोला जलविद्युत कम्पनी लिमिटेडका शेयरधनीहरुले अर्को १३ वर्ष Return पाईरहने छन् ।

**ई) आखुँखोला जलविद्युत कम्पनी लिमिटेडको नाममा रहेको ऋण भुक्तानी गर्ने :**

यस आखुँखोला जलविद्युत कम्पनी लिमिटेडको नाममा मिति २०८०/१२/३० गतेसम्म विभिन्न बैक तथा वित्तीय संस्थामा रहेको निम्न बमोजिमको ऋण रकम मध्ये हकप्रद शेयर जारी गरी प्राप्त हुने रकम मध्ये रु चालीस करोड उक्त ऋण रकमको आशिंक भुक्तानी गरी आयोजना संचालन गर्न तथा शेयरधनीलाई उक्त भुक्तानीबाट हुने ऋण रकमको व्याज वापत बचत हुने रकम शेयरधनीहरुलाई लाभांशका रुपमा वितरण गर्न उपयोग गरिनेछ ।

| **क्र.सं.** | **बैकको नाम** | **ऋण रकम (रु)** |
|---|---|---|
| १. | प्राइम कमर्शयिल बैंक लि. | ४६,५४,९२,७१० |
| २. | माछापुच्छ्रे बैंक लि. | ३२,६७,५०,४१० |
| ३. | प्रभु बैंक लि. | १२,७६,२३,२०९ |
| ४. | राष्ट्रिय वाणिज्य बैंक लि. | १३,८९,३७,५३४ |
| ५. | सनराईज बैंक लि. | ९,८०,६४,३१० |
| ६. | कुमारी बैंक लि. | ७,०६,५२,४७० |
| | **जम्मा** | **१,२२,७५,२०,६४३** |
| | **हकप्रदबाट प्राप्त रकम** | **(४०,००,००,०००)** |
| | **आशिक भुक्तानी पश्चात कायम हुने ऋण रकम** | **८२,७५,२०,६४३** |

**ख) हकप्रद शेयर निष्काशन गर्नुको उचित आधार, वित्तिय योजना तथा रणनीति**

यस हकप्रद शेयर निष्काशन तथा सम्बन्धी व्यवस्थागत विवरण बमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन् ।

क) अत्यन्त मेहनत गरी कमाएको खान लगाउनमा लाग्ने खर्च कटौती गरी मध्यम र निम्न मध्यम वर्गका मानिसहरुको लगानीबाट स्थापित यस कम्पनीले हालसम्म कुनै प्रतिफल दिन नसकेको र अन्य राम्रो ठाउँमा लगानी नगरुन्जेल प्रतिफल दिन सक्ने अवस्था नदेखिएको तर गणेश हिमाल हाईड्रोपावर लिमिटेडद्धारा प्रवर्द्धन भई रहेको आँखुखोला २ जलविद्युत आयोजनामा लगानी गर्दा त्यसबाट आउने प्रतिफलले नै आखुँखोला जलविद्युत कम्पनी लिमिटेडका शेयरधनीहरुलाई थप २९.६३ रुपैयाँ भन्दा बढी प्रति शेयर आम्दानी अर्को ३० वर्ष प्रदान गर्न सकिने देखिएकोले हकपद शेयर निष्काशन अत्यन्त आवश्यक देखिन्छ ।

ख) कम्पनीले लगानी थप गरी आयोजनाहरु निर्माण गर्दै जाने आफ्नो योजना अनुरुप RoR क्षमताका जलविद्युत आयोजनामा लगानी गर्दा यसबाट धैरै प्रतिफल प्राप्त गर्न सकिने भएकोले ।

ग) लगानी गर्न लागेको आँखुखोला २ जलविद्युत आयोजना (२० मेगावट) जलाशय (ROR) आयोजना, भएको हुनाले यसको प्रति मेगावाट लागत औषत भन्दा कम र आम्दानीको प्रक्षेपण सबल रहेको छ जसमा लगानी गर्दा राम्रो प्रतिफल प्राप्त गर्न सकिने भएकोले ।

घ) आँखुखोला २ जलविद्युत आयोजनामा पुग्ने बाटो बनिसकेको तथा पुल, साझा ट्रान्समिसन लाइन, र Construction Power Line मा माथिल्लो भेगका आयोजनासँग लागत साझा गर्न सकिने जस कारण यसबाट प्रति मेगावाट लागत घट्ने हुँदा लगानी गर्दा राम्रो

प्रतिफल प्राप्त गर्न सकिने भएकोले ।

ङ) कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गईरहेको प्रतिस्पर्धालाई समेतलाई ध्यानमा राखि कम्पनीको स्थितिलाई अझ मजबुद बनाउन ।

च) जलविद्युतको माग देश तथा छिमेकी राष्ट्रहरुमा पनि बढ्दो क्रममा रहेको हुनाले यसमा भएको लागानी सुरक्षित रहेको र निकट भविष्यमा अझै सबल भएर जाने हुनाले ।

**ख १) कम्पनीले सम्पूर्ण हकप्रद रकम बैंक कर्जा चुक्ता नगरी दोस्रो कम्पनीमा लगानी गर्नुको औचित्य :**

यो आयोजनाको विद्युत उत्पादन अनुमति पत्र ३५ वर्षको रहेको छ । यसपछि यो आयोजना स्वतः नेपाल सरकारलाई हस्तान्तरण भएर जाने हुँदा कम्पनीका शेयरधनीहरुलाई नियमित रुपमा लाभांश उपलब्ध गराउनु पर्ने कम्पनीको दायित्व हो । यसका लागि कम्पनीले नयाँ आयोजनाहरु पनि बनाउँदै जानु पर्ने आवश्यकता छ । अन्यथा एक समय पछि यो कम्पनीसंग कुनै पनि आयोजना अथवा आय श्रोत बाँकी नरहने हुँदा यस प्रकारको व्यवसायिक नीति अपनाउन आवश्यक भएको हुदाँ कम्पनीले सम्पूर्ण रकम कर्जा भुक्तानीमा प्रयोग नगरिएको । आखुँखोला-२ जलविद्युत आयोजनाको संचालन अवधि २११४ चैत्र ११ गते सम्म रहेको छ । यसरी हेर्दा आखुँखोला जलविद्युत कम्पनी लिमिटेडले दोस्रो कम्पनीमा लगानी गर्दा शेयरधनीहरुले अर्को १३ वर्ष Return पाईरहने छन् । आखुँखोला जलविद्युत कम्पनी लिमिटेडलाई आखुँखोला-२ जलविद्युत आयोजनामा लगानी गर्दा प्रति शेयर आम्दानी ३० वर्ष औषतमा २९.६३ रुपैयाँ भन्दा बढीले बढ्दा शेयरधनीहरुलाई उचित लाभांश दिन सक्नेछौ । साथै, आशिंक ऋण भुक्तानी गर्दा कम्पनीले बाँकी कर्जाको साँवा तथा व्याज तिरी कायम हुने नाफाबाट कम्पनीको आर्थिक अवस्था मजबुत हुने र भविष्यमा शेयरधनीलाई थप लाभांश दिन सक्नेछ ।

**ग) हकप्रद निष्काशनबाट प्राप्त हुने रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरणमा :**

आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको हाल कायम चुक्ता पूँजी रकम रु.८०.०० करोडको १ बराबर १.५ अनुपातमा हकप्रद निष्काशनबाट प्राप्त हुन रकमलाई निम्न बमोजिम उपभोग गरिनेछ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| क) | गणेश हिमाल हाइड्रोपावर लिमिटेड कम्पनीद्धारा प्रवर्धित आँखुखोला-२ जलविद्युत आयोजनामा यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको कम्तिमा ६० प्रतिशत शेयर स्वामित्व कायम हुने गरी स्वपूँजीमा लगानी गर्ने । | ८०.०० करोड |
| ख). | यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडद्धारा निर्मित आँखुखोला १ आयोजना निर्माणका लागि बैकबाट लिएको दिर्घकालिन ऋण आंशिक भुक्तानी गर्ने । | ४० करोड |
| | **जम्मा रकम रु.** | **१२०.०० करोड** |

**क) बैंकको दिर्घकालिन ऋण भुक्तानी गर्ने ।**

प्राइम कमर्शियल बैक लिमिटेडको अगुवाइमा विभिन्न बैक तथा वित्तिय संस्थाबाट आँखुखोला १ जलविद्युत परियोजना निर्माणका लागि दिर्घकालिन ऋण रु. १५६ करोड प्राप्त भएको थियो । आयोजनाले उत्पादन शुरु गरेको दश वर्ष पूरा भई एघारौं वर्ष प्रवेश गरेको छ । आयोजनाको आम्दानीबाट बैकको किस्ता सांवा तथा नियमित व्याज भुक्तानी गरिरहेको छ । हाल आयोजनाको दिर्घकालिन बैक कर्जा तिर्न बाँकी रु. एक सय पचिस करोड नब्बे लाख बराबर रहेको छ । आँखुखोला जलविद्युत कम्पनी लिमिटेड कम्पनीको २०८० आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु. ८०.०० करोडको १ बराबर १.५ अनुपातमा हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम रु. १२०.०० करोड मध्येबाट रु. ४०.०० करोड बैंकको दिर्घकालिन ऋण तिर्ने उद्देश्य रहेको छ । यसबाट कम्पनीको पूँजीमा बृद्धि हुनेछ । साथै, बैंकको दिर्घकालिन ऋण भुक्तानी पछि कर्जाको व्याज रकममा बचत भई शेयरधनीले अतिरिक्त लाभ प्राप्त गर्नेछन् ।

**दिर्घकालिन बैक कर्जाको विवरण**

| विवरण | साँवा रकम (वार्षिक रु.) |
|---|---|
| प्राइम कमर्शयिल बैंक लि. | ४६,५४,९२,७१० |
| माछापुच्छ्रे बैंक लि. | ३२,६७,५०,४१० |
| प्रभु बैंक लि. | १२,७६,२३,२०९ |
| राष्ट्रिय वाणिज्य बैंक लि. | १३,८९,३७,५३४ |
| सनराईज बैंक लि. | ९,८०,६४,३१० |
| कुमारी बैंक लि. | ७,०६,५२,४७० |
| **जम्मा कर्जा रकम रु.** | **१,२२,७५,२०,६४३** |

**ख) आँखुखोला २ जलविद्युत आयोजनामा स्वपूँजी लगानी गर्ने ।**

आँखुखोला-२ जलविद्युत आयोजना बागमती प्रदेश अर्न्तगत धादिङ्ग जिल्ला स्थित गङ्गा जमुना, खनियाँबास र नेत्रवती गाउँपालिका गरी ३ वटा गाउपालिकाको बिचमा पर्दछ । यो आयोजना हाल हामीसंग रहको आँखुखोला -१ जलविद्युत आयोजनाको सबै भन्दा नजिकमा रहको आयोजना भएको हुँदा हाम्रो लागि अन्य आयोजना भन्दा व्यवस्थापनको हिसाबले उपयुक्त रहेको आयोजना हो साथै, उक्त आयोजनाको जलाधार क्षेत्र र  हाम्रो आँखुखोला- १ जलविद्युत आयोजनाको जलाधार क्षेत्र एउटै रहेको कारण पनि उक्त आयोजनाको जिवोलोजी तथा हाइड्रोलोजीसंग हामी धेरै हदसम्म परिचित पनि छौं सो कारण उक्त आयोजना निर्माण हाम्रो लागि केही सहज हुनेछ भन्ने हामीले विश्वास लिएका छौ । उक्त आयोजना नदीको प्रहावमा आधारित (रन अफ रिभर) प्रकारको आयोजना हो । उक्त आयोजना र यस आँखुखोला जलविद्युत कम्पनी बिच कम्तिमा ६० प्रतिशत लगानी गर्ने सम्झौता मिति २०७९/१२/२४ गते भईसकेको छ । उक्त आयोजनाको विद्युत उत्पादन अनुमति पत्र मिति २०७९/१२/१२ गते प्राप्त भईसकेको छ ।

यस आयोजनाको डिजाइन बहाव २७.७३ घनमिटर प्रति सेकेन्ड र कुल ग्रस हेड ९१ मिटर हुनेछ । आयोजनाबाट वार्षिक सरदर ११५.५२ गिगावाट घण्टा विद्युत उत्पादित भई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने गरी PPA सम्झौता भई सकेको छ ।

आयोजनाको मुख्य संरचनाहरू आँखुखोलाको दायाँ किनारामा रहने गरी डिजाइन तयार पारिएको छ। आँखुखोलामा बाँध बाधी खोलाको दायाँपट्टि निर्माण हुने सुरुङ्ग र इन्टेक पाइपबाट पानीलाई आयोजनाको मुख्य संरचनाहरू हुँदै विद्युत गृहमा लगिनेछ। आयोजनाबाट उत्पादित विद्युत १३२ केभी प्रसारण लाइन मार्फत २५ किलोमिटर लामो दुरीमा रहेको नेपाल विद्युत प्राधिकरणको प्रस्तावित त्रिशुली ३B हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिनेछ।

आयोजनाबाट २०८५ साउन देखि विद्युत उत्पादन गर्ने लक्ष्य लिइएको छ। यस आयोजनाको कुल लागत ३ अर्ब ९१ करोड ४१ लाख अनुमानित गरिएको छ, । जुन प्रति मेगावट १९ करोड ५७ लाख हुनेछ। कुल लागत मध्ये ७० प्रतिशतले हुने रु. २७४ करोड बैक तथा वित्तीय संस्थाको कर्जा लगानी रहने र रु. ११७.४१ करोड स्वपूँजी लगानी हुनेछ। कूल स्वपूँजी लगानी मध्येबाट आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले कम्तिमा ६० प्रतिशत रु. ८० करोड र बाँकी लगानी अन्य संस्थापक तथा सर्वसाधारणलाई जारी हुने शेयरबाट प्राप्त रकमबाट लगानी गर्ने छन्। आयोजनालाई आवश्यक जग्गा खरीदको प्रक्रिया शुरु भएको छ।

आँखुखोला २ जलविद्युत आयोजनाबाट वार्षिक ११५.५१७ गेगावाट घण्टा विद्युत शक्ति उत्पादन हुनेछ। सो विद्युत बिक्रीबाट कम्पनीलाई पहिलो वर्षमा रु. ६२.१९ करोड आम्दानी हुनेछ। आयोजनाको विद्युत बिक्रीदर वर्षायामका लागि रु. ४.८० र सुख्यायामका लागि रु. ८.४० तय भएको छ। यो मूल्य दर ८।४ महिनाको हुने गरी बैशाख ०१ देखि मंशिर ३० सम्मलाई वर्षायाम र पौष ०१ देखि चैत्त ३० सम्मलाई सुख्यायाम कायम भएको छ। यो आयोजनाले ३ प्रतिशतका दरले ८ वर्ष सम्मका लागि मूल्य बृद्धि दर प्राप्त गर्नेछ। बैंकबाट लिएको परियोजना ऋण कर्जा १२ वर्ष भित्र चुक्ता भुक्तानी गर्नेछ। आयोजनाको साधारण ऋण फिर्ता अवधि (Simple Payback Period) ६.४१ वर्षको रहेको छ। आयोजनाको Internal Rate of Return (IRR) १५.३९ प्रतिशत रहेको छ। यस आयोजनाले व्यवसायिक उत्पादन शुरु गरेको पहिलो वर्ष देखि नै शेयरधनीहरुलाई लाभांश वितरण गर्न सक्छ। यस आयोजनाको संस्थापक शेयरधनी भई काम गर्न उपयोगी र लाभदायक हुने ठानिएको छ।

**प्रस्तावित आँखुखोला-२ जलविद्युत आयोजना**

**आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छः**

| | |
|---|---|
| परियोजनाको लागत | रु.३९१ करोड |
| प्रति मेगावाट लागत | रु. १९.५७ करोड |

**गणेश हिमालद्वारा प्रवर्धित आँखुखोला २ आयोजनाको IRR,NPV, Payback Period, Discounted Payback Period को संक्षिप्त तालिका तल प्रस्तुत गरिएको छ:**

| क्र.स. | वित्तीय सचूक शिर्षक | सूचक |
|---|---|---|
| १. | Net Present Value (NPV) | १,६०४,८८६,००० |
| २. | Internal Rate of Return (IRR) | १५.३९% |
| ३. | आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि वर्षमा (Payback Period) | ६.४१ |
| ४. | आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि वर्षमा (Discounted Payback Period) | १०.८३ |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र निष्काशन गरिएको सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

**(ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै, हकप्रद शेयर खरीदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ।<br>**** चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ। **** |
| २. | प्राइम कमर्सियल बैंक लि., शाखा कार्यालय धादिङ्गबेसी, धादिङ्ग। |
| ३. | प्रभु बैंक लि., शाखा कार्यालय धादिङ्ग। |
| ४. | माछापुच्छ्रे बैंक लि., शाखा कार्यालय सल्यानटार धादिङ्ग। |
| ५. | कुमारी बैंक लि., शाखा कार्यालय धादिङ्गबेसी, धादिङ्ग। |
| ६. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |
| ७. | नेपाल धितोपत्र बोर्डको https://sebon.gov.np बाट पनि विवरण पत्र हेर्न सकिनेछ। |
| ८. | धितोपत्र बाँडफाँट निर्देशिकाको दफा १४ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण आवेदकहरुले आस्वा प्रणाली मार्फत हकप्रद शेयरका लागि आवेदन दिने व्यवस्था मिलाईएको। |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/C Payee) ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको वेबसाइट www.aankhukholahydro.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको वेबसाइट www.nabilinvest.com.np मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शयेर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड तथा आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेबसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**(ल १) निष्काशन बैंक (Banker to the Issue):**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा नबिल बैंक लिमिटेड, चाबहिल, काठमाण्डौलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शयेर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

| क्र.सं. | बैंकको नाम | बैंक खाता नं. |
|---|---|---|
| १. | नबिल बैंक लिमिटेड, चाबहिल शाखा | ०३५०१०१७५०१३६७ |

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

यस कम्पनीले आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै, यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै, योग्य रहेको उद्घोषण कम्पनीको रहेको छ । साथै, संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व. २०७९/८० सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/११/१३ को प्राप्त पत्रानुसार कम्पनीको आ.व. २०७९/८० सम्मको विवरणहरु अद्यावधिक रहेको छ ।

**(व १) वार्षिक साधारण सभा सम्बन्धी जानकारी :**

यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको मिति २०८०/०८/२२ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको १६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको ।

**सभा हुने मिति, समय र स्थान :-**

मिति : २०८० साल पौष २० गते (जेनवरी ५, २०२४) शुक्रबार

समय : बिहान ११:०० बजे

स्थान : बैभव पार्टी प्यालेस, मैतीदेवि

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. अध्यक्ष ज्यूको आ.वं.२०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. आगामी आ.व.२०८०/०८१ को लागी लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक निधारर्ण गर्ने ।
४. विविध

**(ख) विशेष प्रस्ताव**

१. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी १ जना संचालकको चयन/निर्वाचन गर्ने ।
२. विविध ।

**(श) रेटिङ्ग सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट मिति ०/०९/२०२३ मा इस्यूर रेटिङ्ग पुष्टि गराई [ICRANP-IR] B-" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] B-" ले कम्पनीको High risk of default regarding timely servicing of financial obligation रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले "[ICRANP- IR] AAA" देखि "[ICRANP- IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "[ICRANP- IR]AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP- IR]D" ले कमजोर आधार जनाउँछ ।

**(ष) पछिल्लो ४ वर्षको अधिकतम, न्युनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| **२०७६/०७७** | ७४ | ४६.४० | ४९ | १६४,२३६ |
| **२०७७/०७८** | ३४९ | ४७.०४ | २८९ | ४,५७६,२०४ |
| **२०७८/०७९** | ४९२.४ | १६२ | २००.५० | १७,५०५,५१८ |
| **२०७९/०८०** | २६२ | १५९.८० | १९२.५० | ११,२९३,१५० |

**द्रष्टव्य** : यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

(स) **यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | समूह | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राम श्रेष्ठ | अध्यक्ष | सर्वसाधारण | |
| २. | श्री राम प्रसाद सापकोटा | संञ्चालक | सर्वसाधारण | |
| ३. | श्री दिनेश प्रसाद श्रेष्ठ | संञ्चालक | सर्वसाधारण | |
| ४ | श्री ब्रिष्टान्त तामाङ्ग बम्जन | सञ्चालक | सर्वसाधारण | |
| ५ | श्री ईन्द्र कृष्ण श्रेष्ठ | संञ्चालक | सर्वसाधारण | |
| ६ | श्रीमती रेणुका लिम्बु | संञ्चालक | सर्वसाधारण | |

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेबसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**(ह) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

NABIL INVEST

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-5970475
+977-1-4511604
+977-1-4511733
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

Ref No: IM-2080/81-227
मिति : २०८१/०३/०४

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

काठमाण्डी जिल्ला, काठमाण्डी महानगरपालिका वडा नं. २९, अनामनगर रजिष्टर्ड कार्यालय रहेको आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले निष्काशन गर्न लागेको रु.१००/- अंकित मुल्यको १,२०,००,००० कित्ता हकप्रद साधारण शेयरहरु जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । हकप्रद शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हकप्रद शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ समक्ष पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण गर्दछौं ।
४. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
५. कम्पनीले निष्काशन गर्न लागेको धितोपत्रका लागि आवेदन दिने आवेदकहरुलाई हकप्रद शेयर सम्बन्धी व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
६. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट
नाम : मनोहर कंडेल
पद : निमित्त प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप : NABIL INVEST NAXAL KATHMANDU

Services : Issue Management, Registrar to Shares, Underwriting of Securities, Portfolio Management, Depository Participant, Fund Manager & Depository - Nabil Mutual Fund

"Securities Businessperson(Merchant Banker) Licensed by SEBON"